मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १५७ | २०८० साल वैशाख ६ गते बुधबार | Wednesday 19, Apr. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## सम्पादकमा एलन

**मधेशदृष्टि**
**वीरगंज, ५ वैशाख ।**
मधेशदृष्टि दैनिकको सम्पादकमा रामकुमार एलन नियुक्त भएका छन् । मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशनमा रहेको मधेशदृष्टि दैनिकमा एलनलाई सम्पादक नियुक्त गरिएको अध्यक्ष ध्रुव साहले बताए ।



साहले पत्रिकाको सम्पादन शाखा जनउत्तरदायी र जिम्मेवार बन्नेमा सम्पादकको भूमिका सक्रिय रहने अपेक्षा गरे ।
२०५५ सालमा चितवनबाट पत्रकारिता आरम्भ गरेका मकवानपुर, मनहरी-७ का एलनले चितवन, मकवानपुर र काठमाडौँमा रहेर छापा, रेडियो, टेलिभिजन र अनलाइन पत्रकारितामा समाचार शाखामा रहेर कार्य गरेका छन् । यसअघिका प्रधान सम्पादक विश्वमणि पोखरेलले दिएको राजीनामा प्रकाशन समूहले स्वीकृत गर्दै उनको सहयोग स्मरणीय रहने उल्लेख गरेको छ ।

## उपमेयरद्वारा अधिकृतमाथि बोतल प्रहार

*अधिकृतले मुक्का प्रहारको प्रयास गर्नुभयोः उपमेयर*
*नसोधी योजना रोकियो भन्दै बोतल प्रहार भयोः अधिकृत*



**मधेशदृष्टि**
**जनकपुरधाम, ५ वैशाख ।**
मधेश प्रदेशमा पालिका प्रमुख, उपप्रमुख र प्रशासकीय अधिकृतबीचको विवादका समाचार पनि अब सामान्य बनेका छन् । प्रमुख र उपप्रमुखबीच अल्पमत-बहुमतसहित वर्चस्वको विवाद मधेशका प्रत्येक पालिकामा सरुवा रोग अझ भनौं चैतको डढेलो झैं सल्किएको छ ।
विवाद, द्वन्द्व कुटाकुटमा परिणत भएको छ । र, यसको पछिल्लो उदाहरण हुन्, महोत्तरीको बलबा नगरपालिका । जहाँ उपमेयर रामदुलारी देवी ठाकुरले प्रमुख प्रशासकीय अधिकृत प्रमोदकुमार ठाकुरलाई विवादैविवादमा

- बाँकी पृष्ठ ६ मा

# प्रधानमन्त्रीद्वारा द्रुतमार्ग निरीक्षण



**मधेशदृष्टि**
**वीरगंज, ५ वैशाख ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले निर्माणाधीन निजगढ - मकवानपुर-काठमाडौँ द्रुतमार्ग अवलोकन-निरीक्षण गरेका छन् ।
प्रधानमन्त्री दाहालसहित उपप्रधान एवम् रक्षामन्त्री पूर्णबहादुर खड्का, अर्थमन्त्री डा. प्रकाशशरण महत, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालासहितको टोलीले मङ्गलबार मकवानपुरको विभिन्न स्थानमा निर्माणाधीन द्रुतमार्ग निरीक्षण गरेको हो । सेनाको हेलिकोप्टरबाट द्रुतमार्ग निरीक्षणका लागि आएका प्रधानमन्त्री र मन्त्रीसहितको टोलीले भीमफेदी गाउँपालिका-८ स्थित महादेवटार र मकवानपुरगढी-१ मा निर्माण भइरहेको सुरुङ तथा बकैया गाउँपालिका-५ स्थित पावस नजिकै बकैया खोलामा निर्माण भइरहेको पुल पनि निरीक्षण गरेका थिए । अवलोकनक्रममा प्रधानमन्त्रीसहित मन्त्रीहरूको टोली बकैया गाउँपालिका-५ स्थित पावसमा बकैया खोलामा निर्माणाधीन पुल निरीक्षणक्रममा सेनाका प्रधानसेनापति प्रभुराम शर्मा, द्रुतमार्गको प्याकेज ३ का प्रोजेक्ट म्यानेजर देवेन्द्र ढुङ्गानाले सडक र पुलको निर्माण अवस्थाबारेमा जानकारी गराएका थिए ।
तराई-मधेशलाई मकवानपुर हुँदै काठमाडौँसँग जोड्ने सडक नेपाली सेनाले निर्माण गरिरहेको छ । निरीक्षणमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, प्रदेशका मन्त्रीहरू, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक किरण राणालगायत सरकारी र सुरक्षा निकायका उच्च अधिकारीको सहभागिता थियो ।

## कृषि औजार सञ्चालनमा आउँछः मन्त्री

**मधेशदृष्टि**
**वीरगंज, ५ वैशाख ।**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले कृषि औजार कारखाना सञ्चालनका लागि अर्थमन्त्रालयद्वारा बजेट निकासको प्रक्रिया सुरु भइसकेको बताएका छन् ।



नेपाली कांग्रेस पर्साद्वारा वीरगंजमा कांग्रेस केन्द्रीय सदस्यसमेत रहेका रिजालको सम्मानमा आयोजित स्वागत समारोहमा मन्त्री रिजालले कृषिप्रधान देशको एक मात्र कृषि औजार कारखाना झण्डै २ दशकदेखि बन्द हुँदा राज्यलाई करोडौँ नोक्सानी भएको बताए । उनले कृषि औजार कारखानालाई समयअनुसार आधुनिकिकरण गर्दै आवश्यक कृषि उपकरण निर्माणका लागि राष्ट्रिय अनुसन्धान केन्द्रसँग सहकार्य गरी सरकार अघि बढिरहेको बताए । उनले राष्ट्रिय अनुसन्धान केन्द्रका अध्यक्ष महावीर पुनसहितको टिमलाई सरकारले कृषि औजार कारखाना पुनर्संरचना गर्दै १० वर्षका लागि सञ्चालन गर्ने जिम्मासमेत दिएको र उद्योगले पहिलो चरणमा सामान्य किसिमका कृषि औजार

- बाँकी पृष्ठ २ मा

# चार दर्जन बढी मन्दिर गायब


*पुजारी, संरक्षणकर्ताकै सहयोगमा भूमाफियाको रजगज*



**एसके कर्ण**
**जनकपुरधाम, ५ वैशाख ।**
जनकपुरधाम रामानन्दचौकस्थित बौवा हनुमानको मन्दिर हनुमन्त दरबार तोडिएको भनी अहिले निकै चर्चा पाएको छ । सामाजिक सञ्जालमा निकै आलोचना भइरहेको छ । जसको प्रमुख कारण हो, पछिल्ला समयमा ४ दर्जनभन्दा बढी मठमन्दिर लोप छन् ।
हुन त हुनमन्त दरबार हेर्दै आएका सुन्दर सदनका महन्थ नवलकिशोर दासले त्यसमा नयाँ मन्दिर निर्माणका लागि तोडिएको बताए । दासले भने, 'मन्दिर पुराना भइसकेकाले तोडिएको हो, साढे तीन करोड रुपैयाँको लागतमा नयाँ मन्दिर निर्माण गर्न लागिएको हो, प्रदेश सरकारले १५ लाख रुपैयाँ सहयोग गरेको छ ।'
उता पुलचौकस्थित ऐतिहासिक महत्व बोकेका पौराणिक कबीर कुटी व्यावसायिक प्रयोजनका लागि तोडिएको छ । मन्दिरको ठाउँमा भवन निर्माण गरिँदैछ । मन्दिर व्यवस्थापकले धर्मशाला निर्माण गर्न लागिएको दाबी गर्दै आएको छ । यी जल्दाबल्दा उदाहरण मात्र हुन् । यस्ता दर्जनौं मन्दिर छन् । जसमा व्यावसायिक प्रतिष्ठान सञ्चालन र आवास बनिसकेका छन् ।
कुनै समय ५२ कुटी ७२ कुण्डले प्रख्यात मठैमठ, मन्दिरैमन्दिर भएका नगर जनकपुरधाममा दुई दशक अघिसम्म जताततै मन्दिर र कुटी देखिन्थे । तर अहिले जनकपुरधाममा मन्दिर खोज्नै गाह्रो छ । मन्दिर भएका ठाउँमा ठूल्ठूला भवन, सपिङ मल, मासमदिरासहितको होटल, सिनेमा हल र निजी अस्पताल तथा क्लिनिक 'व्यावसायिक प्रतिष्ठान'को अवतारमा उदाएका छन् । दुईदशकमा जनकपुरधामका

- बाँकी पृष्ठ ६ मा

## 'सरकारले पनि मन्दिर राखेन'



जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव भन्छन्, 'देशमा प्रजातन्त्र स्थापनापछि केही र बहुदल स्थापना आएपछि दर्जनौं मन्दिरहरु गुठी संस्थानको मिलामतोमा पुजारी र महन्थहरुलाई मतियार बनाएर भूमाफियाहरुले मन्दिर त के भगवानको मूर्तिसमेत बेचेर खाइदिए ।' गुठी संस्थान मात्रै होइन संघीय र प्रदेश सरकारसहित स्थानीय तहसमेतले मन्दिर हटाएर त्यसमा अवैध संरचना खडा गरेको उनको भनाइ छ । उनले भने, 'बागवानीमा रहेको वीरपुर कुटीको ठाउँमा प्रदेश सरकारले दुईवटा भवन निर्माण गरेको छ । सियाबिहारीसहितका आधा दर्जन कुटी भत्काएर प्रादेशिक अस्पताल खोलिएको छ । देशैभरिमा वेद पढाउने जनकपुरधाम हनुमान मन्दिरस्थित वेद पाठशालाको ठाउँमा हालको प्रदेश सभा सञ्चालनमा छ ।' भूमाफिया मात्रै होइन, गुठी संस्थान, संघीय र प्रदेश सरकारसहित स्थानीय तह पनि मन्दिरलाई लोप बनाउने खेलमा लागेको महन्थको कथन छ ।



# मेयर्स फोरमको ७ बुँदे घोषणापत्र सार्वजनिक

**मधेशदृष्टि**
**जनकपुरधाम, ५ वैशाख ।**
मेयर्स फोरमको दोश्रो बैठक सात बुँदे घोषणापत्र सार्वजनिक गर्दै मंगलबार सम्पन्न भएको छ।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्सँगको परामर्श तथा समन्वयमा हरित, समावेशी, रोजगारी प्रवर्धन तथा आर्थिक विकासमा आधारित यस क्षेत्रको दीर्घकालीन योजना तयार गर्ने, यातायात तथा पूर्वाधार सुधार, सम्पदा संरक्षण लगायत कुरा मेयर्स फोरमले घोषणापत्रमा उल्लेख गरेका छन्।

त्यस्तै, एकीकृत पर्यटन प्रवर्धनका लागि निश्चित मापदण्डको आधारमा आयोजना छनोट तथा श्रोत सुनिश्चित गर्ने, पालिकाभित्रका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान गरी अगामी ६ महिनाभित्र एकीकृत सूची तयार गर्ने, यसका लागी वार्षिक बजेट सुनिश्चित गर्ने, त्रैमासिक बैठकको व्यवस्था गर्ने लगायत प्रमुख विषयहरु समेत समेटिएको छ।



गत फागुनमा महोत्तरीको मठिहानी नगर पालिकामा सम्पन्न धनुषा र महोत्तरीका ११ पालिकाका प्रमुखहरुको बैठकले मिथिला माध्यमिकी परिक्रमा क्षेत्रभित्रका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्त्वका संरचनाहरुको सुरक्षा, संरक्षण तथा विकास गर्ने उद्देश्यले मेयर्स फोरम गठन गरिएको थियो।

फागुन अमावश्यादेखि फागुन पूर्णिमासम्म चल्ने मिथिला मध्यमा परिक्रमा क्षेत्रभित्रका धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका मठ मन्दिर, पोखरी र स्थलहरुको सुरक्षा, मर्मतसंभार र विकास गर्न तथा ती क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक विकासका पूर्वाधारहरु विकास गर्ने सम्बन्धमा अन्तर स्थानीय तह, प्रादेशिक र संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने योजना गठनको रहेको छ।

धनुषाको कचुरीस्थित मिथिला बिहारी मठबाट सुरु हुने मिथिला माध्यमिक परिक्रमा धनुषाको मिथिला बिहारी, क्षीरेश्वर, धनुषाधाम, सबैला नगर पालिका, जनकपुरधाम उपमहानगर पालिका, औरही र मुखियापटी मुसरनिया गाउँपालिका तथा महोत्तरीको मठिहानी, जलेश्वर, भंगहा, विजुलपुरा नगर पालिका र महोत्तरी गाउँपालिका हुँदै गइरहेकाले, ती पालिका प्रमुखहरुको छाता संगठनको रुपमा मेयर्स फोरम रहेको छ।

# अर्थ चलायमान गर्न कित्ताकाट खोलियो



**मधेशदृष्टि**
**जनकपुरधाम, ५ वैशाख ।**
अर्थ चलयमान गर्न लामो समयदेखि बन्द रहेका जग्गा कित्ताकाट सरकारले खोल्ने निर्णय गरेका छन्।मंगलबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले अर्थतन्त्र चलायमान बनाउन सबै ठाउँको जग्गा कित्ताकाट खोल्ने निर्णय गरेको हो । यसअघि भूउपयोग नियमावली ल्याएर वर्गीकरण गरेर मात्रै जग्गा कित्ताकाट गर्न पाउने व्यवस्था गरेको थियो।

कित्ताकाट रोकिएकाले अर्थतन्त्र चलायमान हुन नसकेको गुनासो निजी क्षेत्रबाट आएपछि सरकारले जग्गा वर्गीकरणविनै कित्ताकाट गर्न दिने निर्णय गरेको हो । उक्त नियमावली कार्यान्वयनमा आएपछि हालसम्म ५ सय ९२ पालिकामा कित्ताकाट खुलेको थिएन । जग्गाको वर्गीकरण गरेपछि मात्रै कित्ताकाट खुलाउने नीतिपछि १६१ पालिकामा मात्रै कित्ताकाट सुरु भएको थियो । तर अब सबै पालिकामा जग्गा कित्ताकाट गर्न पाइनेछ। अर्थ मन्त्रालयमा मूल अर्थतन्त्रमा असर गरेको भन्दै अर्थमन्त्री डा प्रकाशशरण महतलाई जग्गा कित्ताकाट खोल्नुपर्ने ब्रिफिङ नै भएको थियो । पछिल्लो समय उपत्यकालगायत केही पालिकाको कित्ताकाट खुल्दा चैत महिनामा पनि घरजग्गाको कारोबारमा वृद्धि भएको छ। चैतमा ४९ हजार १ सय ५० कित्ता जग्गा किनबेच भएका छन् । मासिक कारोबार हेर्दा चालू वर्षको सबैभन्दा धेरै कारोबार हो। अर्थतन्त्र अपेक्षाकृत रुपमा चलायमान नभएपछि सरकारले मुख्य घरजग्गा र अटोबजार सहितका दुई क्षेत्रमा सहजीकरण गर्ने अर्थ मन्त्रालयले निष्कर्ष निकालेको थियो । अर्थका अधिकारीहरुले अर्थमन्त्री डा. प्रकाशशरण महतलाई यहीअनुसार 'ब्रिफिङ' गर्दै यी दुई क्षेत्रलाई चलायमान बनाउने उपाय सुझाएका दिएका थिए।

अर्थ मन्त्रालयका एक अधिकारीका अनुसार अर्थमन्त्रीलाई 'ब्रिफिङ' गर्ने टिमले देशभरको जग्गा कित्ताकाट खुल्ला गरे अर्थतन्त्र चलायमान हुनसक्ने सुझाव दिएका थिए । अहिले पनि ५ सय ९२ पालिकामा कित्ताकाट खुलेको छैन । जग्गाको वर्गीकरण गरेपछि मात्रै कित्ताकाट खुलाउने नीति सरकारले लिएपछि १६१ पालिकामा मात्रै कित्ताकाट भइरहेको छ । देशभर कित्ताकाट सुरु भएपछि मात्र किनबेच बढ्ने र अर्थतन्त्र चलायमान हुने अर्थको अपेक्षा छ। यसले मूल अर्थतन्त्रलाई ठूलो टेवा दिने भएकाले मन्त्रालयभित्रको छलफलमा सोहीअनुसारको नीति अनुरुप कित्ताकाट खोलिएको जनाइएको छ। घरजग्गाको किनबेच वृद्धि हुँदा पैसा चलायमान हुने, घर तथा भवन निर्माणले तीव्रता पाउने र त्यसले निर्माणजन्य वस्तुको उत्पादन समेत वृद्धि हुने अर्थको बुझाइ छ।

# राष्ट्रपति पौडेल अस्पताल भर्ना


**मधेशदृष्टि**
**जनकपुरधाम, ५ वैशाख ।**
राष्ट्रपति रामचन्द्र पौडेलको अक्सिजनको मात्रा कम भएपछि अस्पताल भर्ना गरिएको छ।

सचिवालय स्रोतका अनुसार मंगलवार बिहान अक्सिजनको मात्रा कम भई अचानक बेहोस भएपछि महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा भर्ना गरिएको हो।

स्वास्थ्य अवस्था जटिल भएपछि उपचारका लागि बाहिर लैजाने कुरा भए पनि राष्ट्रपति पौडेलले नमानिरहेको सचिवालय स्रोतले जनाएको छ।

राष्ट्रपति पौडेललाई ग्यास्ट्रिकको समस्या देखिएपछि पाँच दिन अघिमात्र शिक्षण अस्पतालमा भर्ना गरिएको थियो । सोमवार पनि फलोअपका लागि राष्ट्रपति पौडेल बिहान अस्पताल पुगेका थिए।

राष्ट्रपति पौडेल अस्पताल भर्ना भएपछि मन्त्रिपरिषद बैठकमै उपचारको थप व्यवस्थाबारे छलफल भएको छ । मन्त्रिपरिषद बैठकलगत्तै उपप्रधानमन्त्री पुर्णवहादुर खड्का स्वास्थ्य अवस्था बुझेर थप उपचारका लागि के गर्ने भन्ने डाक्टरहरुसँग परामर्श गरेको छ।



# मुआब्जा विवादले कार्गो रेल सञ्चालनमा आउन सकेन

**मधेशदृष्टि**
**जनकपुरधाम, ५ वैशाख ।**
रेलको लिक परीक्षण सफल भएको चार वर्ष बितिसक्दा पनि मुआब्जा विवादले भारतको बथनाहाबाट नेपालको कटहरीसम्म चल्ने कार्गो रेल सञ्चालन हुन सकेको छैन।



रेलमार्ग निर्माण गर्ने क्रममा कटहरी गाउँपालिका १ मा लगभग ६ बिगाहा जग्गाको मुआब्जा विवादका कारण केही स्थानको काम रोकिएको छ। बथनाहादेखि विराटनगरको एकीकृत भन्सार जाँच चौकी (आइसीपी)सम्मको ७ दशमलव ६ किलोमिटर रेलमार्ग भने सञ्चालनका लागि तयारी अवस्थामा छ।

बथनाहा रेलवे स्टेशनबाट विराटनगरको बुधनगरस्थित नेपाल कष्टम यार्डसम्म सात किलोमिटर दुरीमा पहिलो पटक २०७६ कार्तिकमा रेलवे लिक परीक्षण गरिएको थियो।

'त्यसबेलै बथनाहदेखि एकीकृत भन्सार जाँच चौकीसम्मको खण्डमा रेल्वे कार्गो सेवा सञ्चालनका लागि भारतीय पक्षले सुचारु गर्न पटक-पटक अनुरोध गरेपनि नेपाल सरकारले चासो नलिएको उद्योग संगठन मोरङका अध्यक्ष सुयस प्याकुरेलले बताएका छन्।

संघीय सरकारको रेल्ले विभाग, भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालयले रेल्वे सञ्चालनका लागि तयार भएको पूर्वाधार भारत पक्षबाट जिम्मा लिइ सञ्चालनमा ल्याउनुपर्ने हुन्छ। तर नेपाल पक्षले रेल्वे सञ्चालनको मापदण्ड तयार नभएको, रेल्वे सञ्चालन कार्यविधि नभएको, कर्मचारी दरबन्दी नभएको भन्दै पन्छिदैं आएकाले सञ्चालनमा आउन नसकेको उनको भनाइ छ।

कार्गो रेल सञ्चालनमा आएपछि आफूहरुलाई ढुवानी बापतको भाडा ३५ प्रतिशतसम्म खर्च कम हुने विराटनगरका उद्योगीहरुको दाबी छ । विराटनगर भन्सारमा दैनिक ३ सय ट्रक अर्थात् झण्डै ४ हजार ५ सय टन मालवस्तु आयात हुने गरेको छ। जसमध्ये ८० प्रतिशत मालवस्तु भारतबाट र २० प्रतिशत मालवस्तु तेस्रो मुलुकबाट आउने गरेको छ।

कार्गो रेल सञ्चालन हुने हो भने तेस्रो मुलुकबाट आउने सबै र भारतबाट आउने ६० प्रतिशत मालवस्तु रेल्वेमार्फत आउने अनौपचारिक प्रक्षेपण रहेको उद्योग संगठन मोरङका कार्यकारी निर्देशक चुडामणि भट्टराईको भनाई छ।

ट्रकबाट आएका मालवस्तुको प्रतिट्रक (१५ टन)को भारु ४० हजार रुपैयाँ ढुवानी चार्ज लाग्ने गरेको छ । रेल्वेमार्फत त्यति सामान आउने हो भने ढुवानी चार्ज घटेर भारु २९ हजार मै आइपुग्ने र १५ हजार भारु बचत हुने उद्योगीहरुको भनाई छ।

ढुवानी बाहेक सिपिङ लाइनरले लिने भाडामा कमी हुने, निकासीका लागि विराटनगरमाकन्टेनरकोउपलब्धताहुने र कलकत्ता बन्दरगाहमा सामना गर्नुपरेको प्रक्रियागत समस्या पनि समाधान हुने भट्टराई भन्छन । रेल्वे सञ्चालन भए पञ्चात विशाखापटनम बन्दरगाहबाट समेत सिधै विराटनगरसम्म कार्गो आउने सम्भावना छ । हाल कोशी प्रदेशमा आउने माल वस्तुसमेत विरगञ्ज भएर आउने गरेका कारण थप ढुवानी खर्च कम हुने भट्टराईले भने।

एकीकृत भन्सार जाँच चौकीभन्दा करिब ५ किलोमिटर भारततर्फ रहेको बथनाहसम्म हाल कार्गो रेलमार्फत नेपाली उद्योगी व्यवसायीले बल्क कार्गो ल्याउने गरेका छन्।

बथनाहसम्म आएको कार्गो रेलको लोड/अनलोड, पुनः ट्रकमा लोड गरी भन्सारसम्म ल्याउनु पर्ने र जाँचपास गरी गन्तब्यतर्फ जाने गरेको छ।

२०६८ देखि सुरु भएको बथनाहा-कटहरी रेलमार्गको निर्माण कार्य २०७३ सालमा सम्पन्न भइसक्नुपर्ने थियो । तर मुआब्जा निर्धारण समितिले गरेको प्रतिकट्ठा २ लाखको दरले मुआब्जा दिने निर्णयप्रति कटहरीका जग्गाधनीहरूले असहमति जनाउँदै आएका छन्।

अदालतले ८ लाखका दरले मुआब्जा दिनुपर्ने फैसला गरे पनि सरकारले मुआब्जा वितरणमा ढिलाइ गरेपछि स्थानीय केही जग्गाधनीले सर्वोच्च अदालतमा समेत मुद्दा दायर गरेका छन्।

# दिवा खाजा कार्यक्रम फलदायी : मन्त्री

**काठमाडौँ ।** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बालबालिकाको सवल स्वास्थ्यका लागि दिवा खाजा कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गरेका छन्।

'चाइना फाउण्डेसन फर रुरल डे भलपमेन्टु नेपाल'ले मंगलवार थर्हिंटीस्थित शान्ति शिक्षा माध्यमिक विद्यालयमा आयोजना गरेको कार्यक्रममा उनले गुणस्तरीय शिक्षाका लागि सबल स्वास्थ्य अनिवार्य शर्त रहेको बताए । 'स्वास्थ्य राम्रो नभइ राम्रो शिक्षा प्राप्त गर्न सकिँदैन', उनले भने, 'र राम्रो स्वास्थ्य प्राप्त गर्न यस्ता कार्यक्रम उपलब्धिमूलक हुनेछ।' सामुदायिक दिवा खाजा कार्यक्रमलाई देशव्यापी रुपमा विस्तार गरिने उनको भनाइ थियो।

उनले दिवा खाजा विस्तार गने ' योजनामा चीन सरकारले पुऱ्याएको योगदानले नेपाल सरकारले लिएको लक्ष्य प्राप्तिमा महत्वपूर्ण सहयोग भएको बताए । सरकारले कर्णाली प्रदेशबाट सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम सुरु गरेको थियो । सरकारले विगत तीन वर्षदेखि पूर्वप्राथमिकदेखि ३ कक्षासम्म र चालु आवदेखि कक्षा ६ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन गर्दै आएको छ। प्रतिदिन प्रतिविद्यार्थी रु १५ का दरले विद्यार्थीलाई दिवा खाजा खुवाउने कार्यक्रम गरिरहेको छ । नेपालको सूचना प्रविधिको क्षेत्रमा चीनले ठूलो योगदान दिएको उल्लेख गर्दै उनले सूचना प्रविधिको पहुँच र गुणस्तर बढाउने कार्यक्रमा चीनले सहयोग गर्ने विश्वास व्यक्त गरे। चीनले नेपाललाई जुनसुकै अप्ठ्यारो अवस्थामा सहयोग गर्दै आएको उनको भनाइ थियो।

नेपालका लागि चीनका राजदूत चेन सोङ्ले कोरोना महामारी तथा विभिन्न प्रकोपमा चीनले नेपाललाई सहयोग गर्दै आएको बताए।

## कृषि औजार सञ्चालनमा ...........................................

उत्पादन गरिरहेको जानकारी प्राप्त भएको बताए।

मन्त्री रिजालले कृषि औजारसँगै वीरगंज चिनी कारखाना सञ्चालनका लागि राज्यको ध्यान केन्द्रित भएको बताउँदै चिनी कारखानाका पुराना औजार काम लाग्ने, नलाग्ने कस्तो अवस्थामा छ, त्यसको निरीक्षण गरी सञ्चालनमा आउने अवस्था रहे उद्योगलाई आधुनिकिकरण गरी सञ्चालनमा ल्याइने बताए।

उनले उपकरण काम नलाग्ने भए बारा, पर्सा औद्योगिक करिडोरमा नयाँ चिनी कारखाना खोल्न सरकारले पहल गर्ने समेत दाबी गर्नुभयो।

मन्त्री रिजालले आफूलाई मन्त्री नभन्न पार्टी कार्यकर्तालाई आग्रह गर्दै दुई दिनको मन्त्री पद आफ्नो लागि ठूलो नभएको र आफू हिजोको जस्तै पार्टी कार्यकर्ताको दाइ, भाइ, काका, भतिज रहेको हुँदा पहिलेकै जसरी सम्बोधन गर्न समेत कार्यकर्तालाई भन्नुभयो।

नेपाली कांग्रेस पर्साका सभापति जनार्द्धन सिंह क्षेत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजय चौरसिया, प्रदेश सभा सदस्य श्याम पटेल, शंकर चौधरी, श्याम पोखरेल, प्रकाश उपाध्याय, लक्ष्मीनाथ नेपाल, कांग्रेस मधेश प्रदेशका महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठ, कांग्रेसका क्षेत्र नम्बर १ का क्षेत्रीय सभापति महम्मद सहाबुद्दिन, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, महिला नेतृ शान्ति कार्कीलगायतको सहभागिता थियो।

कार्यक्रममा रिजाललाई नेपाली कांग्रेसका कार्यकर्ताले १ सय १ किलोको फूलको माला लगाई स्वागत गरेका थिए।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ। शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु। आत्मबल बढाएर काम गरेमा असफल भइँदैन।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ। नयाँ कामको थालनी पनि हुनेछ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ। स्वास्थ्यमा समस्या आउला। अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## सम्पादकीय

# उपनिर्वाचनको रस्साकस्सी

बाराको निर्वाचन क्षेत्र नम्बर २ मा वैशाख १० गते हुने निर्वाचनले राष्ट्रिय चर्चा पाइरहेको छ । यो चर्चाको अर्थ यसरी पनि जोडिएको छ कि, मंसिर ४ गते भएको निर्वाचनमा सप्तरीमा पराजित उपेन्द्र यादवलाई यसपटक सत्ता गठबन्धनले साझा उम्मेदवार बनाएको छ । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष यादव पुनः संसदमा प्रवेश जरुरी ठानेर गठबन्धनले नै आफ्नो पार्टीका उममेदवारलाई रोकेर यादवलाई प्रस्तुत गरेपछि सुदूर पूर्वको सप्तरीका यादव सुदूर पश्चिमको बारामा यतिखेर पसिनाधारा बगाउँदै जनताको घरदैलोमा देखिन्छन् । बाराको कम विकास भएको भूगोल भनेर चिनिएको पाँच स्थानीय तहमा वैशाखको पारिलो घाममा पसिना बगाउँदै भेटघाटमा सरिक उपेन्द्र यादव राष्ट्रिय चर्चाको केन्द्रका उम्मेदवार पात्र भएका छन् ।

बारामै यसपटक उपेन्द्र यादव र सत्ता गठबन्धनलाई एकसाथ काउन्टर गरिरहेका छन् अन्य चार पार्टीले । जनमत पार्टी, आमजनता पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी । नयाँ पार्टी हुन् जनतामा पुगेका । पुरानो, प्रमुख प्रतिपक्षी नेकपा एमाले आफ्नो वर्चश्वका लागि अभ्यासरत छ । सबै भूगोलमा पुगेर जसपाले मंसिर ४ गते पाएको क्षेत्रमा यसपटक एमाले आफैं, एक्लै उभिएको भन्दै प्रचारप्रसारका काम भइरहेका छन् ।

यो काममा एमालेले यादव समुदायको मत बटुल्ने प्रयास गरिरहेको छ । एमालेले एउटा मात्र पालिका जितेको भूगोल हो यो । तर एमालेका लागि सहज यो पनि छ कि, यहाँ यादव समुदायकै मत चोर्न अरु पनि थुप्रै पार्टीहरु सक्रिय छन् । आमजनता पार्टी र जनमत पार्टी छुट्टाछुट्टै लागेकाले एमालेका लागि फाइदाको विषय भन्ने एमालेको सोच छ । जति पार्टी फुट भएर हिंडेका छन्, मत छरिन्छ र यसको लाभ एमालेलाई पुग्छ भन्ने विश्लेषण उसको देखिन्छ ।

उसो त राष्ट्रिय स्वतन्त्र पार्टीले पहाडी समुदायको अनुहारलाई यादव समुदायमा पेश गरेको छ । पार्टी सभापति रवि लामिछानेले निकै कसरत गरेका छन् कि, बारा अथवा मधेशमा पनि घण्टीको प्रवर्द्धन राम्रो भएको छ । नयाँ पुस्ता यसमा आकर्षित पनि छन् । यसले पनि यादव समुदायकै मत चोर्ने भएकाले सबैतिरबाट उपेन्द्र यादव र गठबन्धनको मत घट्ने र यसरी घटेको मत आफ्नोमा पल्लाभारी बनाउने सोचमा एमाले छ, राष्ट्रिय स्वतन्त्र पार्टी छ । दुवै पार्टी मिलेका भए गठबन्धनलाई अरु चोट पर्न सक्थ्यो । तर छुट्टाछुट्टै लागेकाले यसको लाभ गठबन्धनलाई छ भन्ने बुझाइ छ उपेन्द्र यादव र गठबन्धनको चैं ।

यता, कुनै पनि हालतमा मधेशमा स्थापित हुन उपेन्द्र यादवसँगै प्रतिस्पर्धा गर्नुपर्छ, उपेन्द्रलाई निषेध गर्नुपर्छ, यसो गर्दा गठबन्धनलाई पनि दबाबमा पार्न सकिन्छ भन्ने मानसिकतामा छ आमजनता पार्टी र जनमत पार्टी । सिके राउत र प्रभु साह अरुलाई चुनौती दिइरहेका छैनन् । उनीहरु सिर्फ उपेन्द्र यादवलाई पराजित कसरी गर्ने भनेर भूगोलमा मसिनोसँग खटिएका छन् । उनीहरुले यादव समुदायमा उपेन्द्रविरुद्ध गर्न सकिने प्रचारलाई तेज पारेका छन् । ताकि उपेन्द्र र गठबन्धनसँग जनता असन्तुष्ट बनून् । गठबन्धनलाई भोट दिने मानसिकता बदलून् । यसको लाभका लागि जनमत र आम जनताले गरेको कसरतले कतै गठबन्धन उम्मेदवार कमजोर पो हो कि भन्ने सन्देश पनि गएको छ ।

समग्रमा बाराको उपनिर्वाचन चितवन र तनहुँलाई ओझेलमा पार्दै राष्ट्रिय चर्चा बटुल्न सफल छ । यही मेसोमा राष्ट्रिय मिडियाहरुले बारा-२ का बस्तीका मत अभिमतसँगै समस्यालाई पनि राष्ट्रिय मिडियामा ठाउँ दिएका छन् ।

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# आत्मविश्वास गुमाएको 'कमरेड गाउँ'

**– लोकेन्द्र विश्वकर्मा**

बाइसे-चौबिसे राज्य शासनताका तत्कालीन जाजरकोट राज्यका संस्थापक जगती सिंहले १४५५ मा स्थापना गरेको जगतीपुर दरबारको भग्नावशेष पुग्न सदरमुकाम खलंगाबाट करीब तीन घण्टा लाग्छ । खलंगा नजिकैको बोहरा पारिको उकालो छिचोलेपछि पुगिन्छ, जगतीपुर । जगतीपुरको आँगनबाटै अघि बढेको छ, मध्यपहाडी राजमार्ग ।

साविकको जगतीपुर गाविस-३ र हाल भेरी नगरपालिका-११ मा पर्ने कटिगाउँ 'कमरेड गाउँ' का नामले चिनिन्छ । माओवादीको १० वर्षे सशस्त्र विद्रोहताका सिंगो गाउँले टाउकोमा रातो फेटा बाँध्नेलाई संरक्षण मात्र गरेन, बम-बारुद पनि बोक्यो । तर, यतिबेला कटिगाउँलाई सामाजिक हिंसा, गरिबी र अभावले थिलथिलो पारेको छ ।

३२ वर्षीय वीरमान विक साहुको गोठालोदेखि माओवादी लडाकू हुँदै 'कालीपारे' (भारत जाने श्रमिक) सम्म भएका छन् । २०५४ सालतिरै हो, माओवादीले घाँस-दाउरा गर्नेलाई हिमाल चढ्न र चुलोचौको गरिरहेकालाई बम-बारुद बोक्न सिकाएको । कर्णालीलाई आधार इलाका बनाएर १ फागुन २०५२ देखि सुरु भएको संघर्ष उत्कर्षमा पुग्दैथियो । त्यो बेला वीरमानलाई लाग्यो- गोठालो बन्दिनँ, 'कमरेड' बन्छ ।' कर्णालीमा समृद्धिको नारा बोकेर माओवादी लडाकू बनेका वीरमान ' कमरेड प्रकाश'का नामबाट युद्धमा होमिए ।

१० वर्षे सशस्त्र विद्रोहपछि व्यवस्था त परिवर्तन भयो तर, वीरमानको न घर जोगियो न बारी । जसका विरुद्ध विद्रोह गरेका थिए तिनैले उनको उठीबास लगाए ।

वीरमान लडाइँमा होमिएपछि बिहान-बेलुका हातमुख जोड्न धौ-धौ भएको उनको परिवार स्थानीय पसलेबाट उधारो लिएको रासनपानीले धानिंदै आएको थियो ।

जुन उधारोले उनको थाप्लोमा २१ हजार रुपैयाँ बोझ थपियो । कतिसम्म भने हाताहाती १ हजार ८ सय रुपैयाँमा पाइने चामलको बोरा उधारोमा दुई हजार ९ सय रुपैयाँसम्म पर्थ्यो । वीरमान भन्छन्, 'मूल्य सोध्दा नदेलान् भन्ने डर ! जसरी पनि परिवार त पाल्नुपर्‍यो नि !' उनको भनाइमा मुश्किलले १० हजार रुपैयाँ उधारो थियो ।

कटिगाउँका अधिकांशको दिनचर्या वीरमानको भन्दा फरक छैन । ६ महिना भारतमा कमाएको पैसा साहुको उधारो तिर्दैमा ठिक्क हुन्छ उनीहरूलाई । करिब चार दशकदेखिको त्यस्तो चलन तोड्न नसकेका वीरमानले ६८ हजार रुपैयाँ ऋण थपे । भन्छन्, 'पहिलेदेखि ऋण छँदैथियो, जहान परिवारलाई ओत लाग्ने घर बनाएर निस्कन्छु भनेर ऋण थपेँ ।' त्यही ऋणले उठीबास लाग्ला भन्ने उनलाई के थाहा !

दुई पटक गरी लिएको ८९ हजार रुपैयाँको ब्याज हिसाब गर्ने जिम्मा उनले साहुलाई नै सुम्पिए । न वीरमानलाई कागज चाहियो, न साहुले गराए । तर ऋण तिर्नुपर्छ भन्नेमा उनी प्रष्ट थिए । यसबीच वीरमान चार-पाँच पटक भारत गए । तर, कमाइ राम्रो नहुँदा साहुलाई ४० हजार रुपैयाँ मात्रै तिर्न सके । यता, ऋण तिर्न नसक्दा वीरमानको परिवारलाई साहुका अगाडि देखिन अप्ठेरो मात्र लागेन, रासनपानी लिन जानै बन्द भयो । यसो हुँदा साहुलाई शंका लाग्यो । पुराना दिन सम्झँदै वीरमान भन्छन्, 'ऋण तिर्ने पैसा कमाउँला भनेको परिवार पाल्नै धौ-धौ भो ।'

२०७० सालतिर कटिगाउँका युवाले भारतको विकल्प खाडी मुलुक बनाइसकेका थिए । भारतबाट रित्तोहात फर्केका वीरमान पनि मलेसिया जान हौसिए । पुरानो साहुसँग सम्बन्ध टाढिएपछि भारती गाउँका शशि भारतीलाई उनले नयाँ साहु बनाए । शशिसँग ३० हजार रुपैयाँ र आफन्तसँग केही रकम जोहो गरेर उनी काठमाडौं हिंडे । दलालले राहदानीमा भिसा लगाइदिए ।

साहुको ऋण तिर्ने, घर बनाउने र जग्गा-जमीन जोड्ने सपना बोकेर ६ असार २०७१ मा मलेसियाका लागि जहाज चढे । तर मलेसियाको बसाइ सोचेजस्तो भएन । काम गर्दागर्दै बिरामी परेपछि पैसा जोगाउन सकेनन् । तैपनि मलेसिया आउँदा लागेको ऋण तिरे । उता पुराना साहुलाई पैसा बुझाएको भए पनि साहु, आफन्त, छरछिमेकले ऋण चुक्ता नभएको बताएपछि उनको चिन्ता बढ्यो । तीन वर्षको मलेसिया बसाइपछि स्वदेश फर्केका वीरमान परिवारसहित फेरि भारत हान्निए । दैनिक ४ सय रुपैयाँ ज्यालाले श्रीमतीको उपचार र बिहान-बेलुकाको छाक टार्न हम्मे भयो । उता पुराना साहु यदुप्रसाद आचार्य ७ लाख रुपैयाँ बाँकी ऋण तिर्ने कि जग्गा दिने भनी धम्क्याउन थाले । जबकि साहुका छोराले उनलाई ५ लाख रुपैयाँ तिर्न बाँकी भएको भन्थे । ऋण तिर्न नसक्दा पेटारीपाटाको जग्गा र बरपानीको घर साहुले लिएको वीरमान बताउँछन् ।

वीरमानका पाँच दाजुभाइको जग्गा बाबु सार्की वरकामीको नाममा थियो । ७ लाख रुपैयाँ कट्टी गर्न त्यही लालपुर्जाबाट पेटारीपाटाको कित्ता नम्बर ३८४ र कित्ता नम्बर ७४ को जग्गा साहुले उनका बाबुसँग लिए । साहुले फोनबाटै उनलाई जग्गा पास गरी लिएको सुनाए । अन्ततः ४ मंसिर २०७५ मा घरबारविहीन भए वीरमान । वीरमानको त्यो घर आफूहरूले बनाइदिएको बताउँदै यदुप्रसादले भारत गएर कमाउ बरु ब्याज छुट गरौंला भनेको साहुका जेठा छोरा नरेश बताउँछन् । तर, अहिले ७ लाख रुपैयाँ लिनुपर्नेमा जग्गाबाट ४ लाख रुपैयाँ मात्रै असुली भएको नरेशको दाबी छ । १ लाख २५ हजार रुपैयाँमा घर र २ लाख ७५ हजार रुपैयाँमा जग्गा बेच्दा आफूलाई धेरै नोक्सान भएको नरेशले बताए ।

घरजग्गा केही नहुँदा दुई वर्षपछि फर्केका वीरमान ससुरालीमा बसे । त्यसपछि साहुबाट घर किनेका भाइ पदमबहादुरलाई १ लाख २५ हजार रुपैयाँ बुझाउने शर्तमा पहिलेकै घरमा बस्न थाले । वीरमानको भनाइमा त्यो घरले न बर्खाको पानी छेक्छ न हिउँदे चिसो । एक दिन उनका मनमा ७ लाख रुपैयाँ कटाएर लिएको घरजग्गा साहुले ४ लाख रुपैयाँमै कसरी बेचे भन्ने लाग्यो । साहुसँग हिसाब-किताब गरिदिन स्थानीय नेतासँग हारगुहार गरे । जग्गा साहुले हडपेपछि मोतीराम लुहार 'बासे' भारततिर लागे, रित्तो घरको अब भग्नावशेष मात्र छ ।

माओवादी केन्द्र प्रदेश कमिटी सदस्य जसवीर गन्धर्व, नेपाल विद्यार्थी संघका नेता प्रेम शाही, विप्लव नेतृत्वको नेकपा नेता विराजन शाही र साहु यदुप्रसाद आचार्यको तर्फबाट जेठा छोरा नरेश, यदुका नातेदार एवम् माओवादी केन्द्र भेरी नगरपालिका सचिवालय सदस्य कर्ण आचार्यसहितले २०७७ मंसिर २० गते भेरी नगरपालिका-५ काफलचौरमा हिसाब हेर्दा यदुप्रसादले १ लाख २५ हजार रुपैयाँ बढी लिएको पाइयो । तर, वीरमानले त्यो पैसा अझै फिर्ता पाएका छैनन् । यसलाई सिंगो बस्तीको समस्या मान्ने प्रेम शाही भन्छन्, 'यो चक्र घुमिरह्यो भने सिंगो कटिगाउँ साहुको कब्जामा जानेछ । सबैको उठीबास हुनेछ ।' घरबारविहीन भएका वीरमानले थकित अनुहारमा भने, 'जसलाई सामन्त भन्यौँ उनीहरूले नै घरजग्गा कब्जा गरेका छन् ।' बन्दूक समातेकोमा उनलाई अहिले पछुतो लागेको छ । पछिल्लो समय ६ महिना भारत उत्तराखण्डको गढवाल बसेर फर्केका वीरमान अहिले मध्यपहाडी राजमार्ग आसपास मजदूरी गरेर परिवार धान्दै छन् । घरको डिलमा बसेर मलिन स्वरमा उनले भने, 'एकमुठी सास जोगाउन पनि मुश्किल भो ।'

### घर न घाटको अवस्था

धर्म वरकामीको कथा पनि वीरमानसँग मिल्छ । धर्मको परिवार पनि द्वन्द्वताका जनमुक्ति सेनामा थियो। शान्ति प्रक्रियापछि उनले भारतमा लामो समय बिताए। २०७० सालतिर भारतबाट फर्किएपछि उनले विदेश जाने योजना बनाएर बाबु आइतेसँग भने, 'विदेश जान्छु, पैसा निकाल्दिनुपर्‍यो ।' ऋणको खोजीमा हिंडेका आइते यदुसँगै ठोक्किए ।

साहुको खातामा उधारो रासनपानीको ऋण छँदैथियो । यदुबाट १ लाख ५ हजार रुपैयाँ ऋण लिएर छोरालाई मलेसिया पठाए । तर, मलेसियामा बिरामी परेका धर्म १५ दिनमै घर फर्किए । यता ऋण तिर्न ताकेता गरिरहेका साहुले जग्गा माग्न थाले । त्यसपछि छोरा धर्मको भागमा रहेको मुछाइन् र प्यानीको जग्गा साहुका छोरा नरेशको नाममा पास गरिदिएको बाबु आइते बताउँछन् । उनी भन्छन्, 'साहुका जेठो छोराले बाइकमा राखी खलंगा लगेर जग्गा आफ्नो नाममा पास गराए ।'

थाप्लोमा ऋण अनि परिवार धान्न धौ-धौ भएपछि धर्मलाई मानसिक समस्या भयो । पत्नी हीराका अनुसार त्यसपछि उनलाई उपचारका लागि भारत लगियो । २०७९ दशैँमा फर्केको धर्मको परिवार अहिले भाइको घरमा आश्रय लिएर बसेको छ । धर्म र १७ वर्षीय छोरा भारतमै छन् ।

### छाप्रोभित्र छापामार

कल्पना चलाउने २०५७ सालतिर १४ वर्षको उमेरमै भूमिगत भइन् । १८ वर्षको उमेरमा, प्लाटुन कमान्डर बनेकी कल्पनाको कम्पनी कमान्डर जीतबहादुर विकसँग 'जनवादी' विवाह भयो । जीतबहादुरलाई गरिबीले खाडी मात्रै पुर्‍याएन 'कालीपारे' नै बनायो । 'व्यवस्था परिवर्तनपछि बास बनाउने, छोरा-छोरी पढाउने सपना थियो,' आशैआशमा गुजारिएका दिन सम्झँदै कल्पना भन्छिन्, 'सँगै काम गरेकाहरू कहाँ पुगे, हामीलाई छाक टार्न हम्मे छ ।' दलितसँग विवाह गरेकी कल्पनाले माइती र समाजबाट पनि सहयोग पाइनन् ।

सशस्त्र द्वन्द्वका बेला माओवादी लडाकुका 'प्लाटुन कमाण्डर' र 'कम्पनी कमाण्डर' र रहेका कल्पना चलाउने र जीतबहादुर बिकको घर ५५ वर्षीय जीतबहादुर २०७० अन्तिमतिर खाडीका लागि उडे । जीतबहादुरलाई उनै यदुले १ लाख रुपैयाँ ऋण दिए । खाडीबाट श्रीमानले पठाएको १ लाख ५० हजार रुपैयाँ बुझाएको भए पनि ऋण अझै बाँकी छ भनेर यदुप्रसादले धम्क्याएको कल्पना बताउँछिन् । साहुका छोरा नरेश पनि हिसाब गर्न बाँकी रहेको सुनाउँछन् । जीतबहादुर अहिले भारतको गढवालमा छन् । गाउँमा दुई छोरासँगै बस्ने कल्पना भन्छिन्, '१० वर्ष युद्धमा रगत-पसिना बगायौँ, हामीलाई हेर्ने कोही भएन ।'

गरिबी, अभाव, अशिक्षा, जातीय विभेद र ऋणले सिंगो कटिगाउँको आत्मविश्वास गुमेको छ । 'सामन्ती राज्य व्यवस्थाविरुद्ध' भन्दै हिंसात्मक विद्रोह गरेको माओवादीका नेताहरूकै आडमा स्थानीय साहुले 'कमरेड गाउँ' भनेर चिनिने कटिगाउँका तत्कालीन माओवादी लडाकूलाई नै उठीबास गराइरहेका छन् ।

### उठीबास बनाउने होडबाजी

१ सय ७० घरधुरी भएको यो गाउँमा दलितहरू मात्र छन् । ८० परिवार ऋणको पासोमा जेलिएको छ । त्यसमध्ये १२ परिवारको जग्गा साहुले लिइसकेका छन् । गाउँलेसँग कारोबार गर्ने साहु दुई जना मात्रै छन्, यदुप्रसाद आचार्य र हरिप्रसाद शर्मा । सिंगो गाउँमा आचार्य र शर्माले कसरी हैकम चलाइरहेका छन् भन्ने बुझ्न सशस्त्र द्वन्द्वको बेलातिर फर्कनुपर्छ । यो गाउँका ८० परिवार कहिल्यै चुक्ता नहुने साहुको ऋणको फन्दामा छन् ।

२०५३ सालतिर जाजरकोट माओवादीको आधार इलाका भए पनि जगतीपुरलाई लालकिल्ला घोषणा गर्न बाँकी थियो । त्यही वर्ष हो, पूर्व प्रधानपञ्च गोपालप्रसादका छोरा यदुप्रसाद आचार्यले किराना पसल शुरू गरेको । त्यसअघि खलंगा, सुर्खेतलगायत ठाउँमा व्यापार गरिसकेका यदुप्रसाद जगतीपुरमा पसल सञ्चालन गर्थे । गाउँमा अरू पसल नहुँदा २०५५ सालसम्म उनकै रजगज चल्यो । हुन त यदुको पसलले स्थानीयलाई पनि सजिलै भएको थियो । कटिगाउँमा यदुको व्यापार दिन दुई गुना रात चौगुना बढिरहेपछि उनको एकलौटी रोक्न काका हरिप्रसादले अर्को पसल खोले । हरिप्रसाद शिवशंकर माध्यमिक विद्यालयका स्थायी शिक्षक थिए । उनीहरूबीच प्रतिस्पर्धा यसरी बढ्यो कि खुद्रा सामानको व्यापार गर्दै आएका हरिप्रसाद र यदुप्रसादले पछिल्लो समय ग्राहककै किनबेच गर्न थाले । कतिसम्म भने ग्राहकले यदुलाई तिर्न बाँकी रहेको रकम हरिले तिरिदिने र ऋण आफ्नोमा सार्ने, हरिका ग्राहकको यदुले तिरिदिने । उधारोमा रासन र ऋणसमेत दिएपछि काका भतिजाको व्यापार गज्जबसँगै चल्यो ।कटिगाउँका अधिकांश पुरुष ६ महिना भारत जान्छन् । तिनका परिवारलाई यदु र हरिका पसलबाट उधारोमा रासन ल्याउँछन् । भारतबाट कमाएर ल्याएको पैसा घर फर्केपछि साहुलाई बुझाउँछन् । तैपनि ऋण थपिएको थपियै छ । यदुप्रसाद भन्छन्, 'लिनुपर्ने दुई-चार करोड होला, खातापाता छोरालाई जिम्मा लगाइसकेको छु ।' यदुका छोरा नरेशले गाउँका ३९ परिवारबाट ६ करोड ४ लाख ८४ हजार ७ सय ९१ रुपैयाँ उठाउनुपर्ने सूची देखाए । उनको भनाइमा वीरमान विक, धर्म विक, नन्दबहादुर विक, अमृत विक, भक्तबहादुर विक, बैशाखे विक, कमल विक र मेगल विकले जग्गा दिएर ऋण चुक्ता गरिसकेका छन् ।

अझै ३९ जनाले चुक्ता गर्न बाँकी छ । यदुका दुई छोरामध्ये जेठो नरेश ठेकेदारी गर्छन्, कान्छा तिलक नेतागिरी । नरेश वाइके कन्स्ट्रक्सनका सञ्चालक हुन् भने तिलक नेपाली कांग्रेस जाजरकोट क्षेत्र नम्बर 'ख' का सचिव । यदुका दाइ भीमप्रसाद माओवादी निकट छन् ।

### शक्तिको आडमा रजगज

हरिप्रसाद ज्ञानीप्रसाद शर्माका साइलो भाइ हुन् । ज्ञानी, माओवादी केन्द्र जाजरकोट जिल्ला कमिटी सदस्य हुन् । जिल्ला समन्वय उपप्रमुख समेत भइसकेका ज्ञानीको राजनीतिक पहुँच उच्च तहसम्म छ । हरि दाइ ज्ञानीको संरक्षणमा मात्रै छैनन्, माओवादी केन्द्रबाट राष्ट्रिय सभा सदस्य मायाप्रसाद शर्माका बच्चैदेखिका साथी पनि हुन् । 'मैले फगतको ब्याज खाएको छैन र खानेवाला पनि छैन,' हरिप्रसाद भन्छन्, 'अब कटिगाउँमा लिन बाँकी दुई करोड रुपैयाँ जति होला । समयमै दिए ब्याज छुट गरिदिन्छु ।'

यदुभन्दा हरिप्रसादसँग कटिगाउँका ऋणी बढी छन् । कटिगाउँमा ५३ परिवार ऋणी भएको र ६ जनाको जग्गा लिएको हरिप्रसादले स्वीकारे । कालो चनारा, भक्तबहादुर वरकामी, हेमन्त लुहार, हर्के लुहार, चित्रबहादुर लुहार, गोब्लो लुहार, मोतिराम लुहारको जग्गा उनले लिएका छन् । उनी भन्छन्, 'हेमन्तले जग्गा पास गरिदिएको छैन । बासे (मोतिराम) को अझै ३ लाख ९८ हजार रुपैयाँ बाँकी छ । 'शिवशंकर माध्यमिक विद्यालयका प्रधानाध्यापक रामलाल आचार्य जगतीपुरका साहुले गाउँलेलाई जुकाले जसरी चुसेर मर्नु र बाँच्नुको अवस्थामा पुर्‍याएको बताउँछन् । साहुको नाम नलिइकनै उनले भने, 'साहुका ज्यादतीका सामू एउटा शिक्षकले के गर्न सक्छ र !'

आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारको 'उच्च पहाडी तथा हिमाली क्षेत्र समृद्धि कार्यक्रम' अन्तर्गतको नमूना बस्ती विकास निर्माण योजना कटिगाउँमा पर्‍यो । २६ जेठ २०७९ मा भेरी नगरपालिका कार्यपालिका बैठकले वडाध्यक्षदेखि इन्जिनियरसम्म राखेर पाँच सदस्यीय घरधुरी छनोट समिति गठन गर्‍यो । त्यसको संयोजक भए कांग्रेसबाट निर्वाचित वडाध्यक्ष लक्ष्मीप्रसाद जैसी । ९ असार २०७९ मा समितिले ५० घरधुरी छनोट गर्‍यो । तर, आफैँ संयोजक रहेका वडाध्यक्षले कार्यकर्ता परेनन् भनेर कार्यक्रम फिर्ता गराए । सोही मितिमा वडाध्यक्ष जैसीले नगरपालिकालाई रोक्का पत्र लेखे । छनोट समितिले ५० घरधुरी छनोट भए भनेर बेलुका ७ बजे निर्णय गर्‍यो । त्यही मितिमा वडाध्यक्षले रोक्का पत्र नगरपालिका पठाएपछि कार्यक्रम फिर्ता भयो । त्यसपछि कटिगाउँमा विकास निर्माणदेखि सचेतना सम्बन्धी एउटै कार्यक्रम पुगेको छैन ।

त्यही वडाको स्यालापानी टोलमा २५ लाख रुपैयाँमा मन्दिर निर्माण भइरहेको छ । तर कटिगाउँको आर्थिक र सामाजिक विकासका लागि कुनै योजना परेको छैन । वडाको योजनामा शिव मन्दिर निर्माणदेखि हितान गाउँमा बटुकभैरवको मन्दिर प्राथमिकतामा परेको छ ।

तर कटिगाउँको गरिबी, अभाव, जातीय हिंसा र अशिक्षा कसैको प्राथमिकतामा छैन । दलित बस्ती कटिगाउँमा १२ कक्षा पास गरेका दुई जना मात्र छन् । अर्कातिर बालविवाहको समस्याले यो गाउँलाई उत्तिकै गाँजेको छ ।

कटिगाउँका समस्याबारे जिल्लाका सबै नेतालाई थाहा भए पनि समाधानको पहल नभएको बताउँछन्, नागरिक समाजका अगुवा राजेन्द्रविक्रम शाह । गाउँको विकासका लागि उत्पादनमुखी योजनाको खाँचो देख्छन् उनी । उत्पादन बढाउन कृषि तथा गैरकृषिमा अनुदान कार्यक्रम संचालन गर्नुपर्ने उनको सुझाव छ । कटिगाउँमा गुमेको आत्मविश्वास फर्काउन मनोपरामर्शको खाँचो देख्छन् उनी । हुन पनि कटिगाउँका मानिसमा केही गर्न सक्छौँ भन्ने आत्मविश्वास नहुँदा साहुको मनोमानी चलेको छ । गाउँमा कोही नयाँ मान्छेले कुरा गर्न खोज्दा गाउँले सुरुमै बिन्ती बिसाउँछन्, 'साहुलाई नभन्नुहोला हजुर, नत्र घर-जग्गा बुझाएर भारत जानुपर्छ ।'

# इन्धनको जोहोका लागि ‘गुइँठा’ बनाइँदै



**महोत्तरी ।** खाना पकाउन थरिथरिका आधुनिक प्रविधि भित्रिए पनि महोत्तरीका ग्रामीण बस्तीमा अझै इन्धनका लागि ‘गुइँठा’ र ‘चिपरी’ कै भर छ । वस्तुभाउको गोबर सङ्कलन गरेर ‘गुइँठा’ ‘गोरहा’ र ‘चिपरी’ बनाउन अहिले ग्रामीण बस्तीका महिला लागि परेका देखिन्छन् ।

ग्रामीण क्षेत्रमा ‘गुइँठा’ र ‘चिपरी’ का लागि गोबर सङ्कलन गर्न, सुकाउन र चाङ् लगाएर राख्न व्यस्तता बढेको छ ।

गोबर मुछेर भित्रपट्टि छेस्काछेस्की राखेर बनाइनेलाई ‘गुइँठा’ (गोरहा) र चाक्लो (थाल आकार) को लाई ‘चिपरी’ भनिन्छ । मधेशमा खाना पकाउने इन्धनको मुख्य स्रोत मानिने यो काममा महिला व्यस्त देखिन्छन् ।

पहिले पहिले किसान परिवारमा पशु पाल्ने आम चलन हुँदा आफ्नै बस्तुको गोबरले पुग्ने गरेको भए पनि पछिपछि बस्तुभाउ घट्दै गएपछि चरनक्षेत्र, पानीघाट र बाटोघाटोमा बस्तुभाउले गोब्र्याउने गोबर टिप्न महिला व्यस्त देखिन्छन् । जिल्लाका सबैजसो ग्रामीण बस्तीमा अहिले आम महिला ढकी (बाँसको चोयाले बुनिएको खास भाँडो, ‘छिटी’ पनि भनिन्छ) बोकेर गोबर सङ्कलन गर्न र घरघरै ‘गुइँठा’ बनाउन व्यस्त देखिन्छन् । जिल्लाका १५ स्थानीय तहमध्ये १० नगरपालिकामा पनि धेरैजसो ग्रामीण बस्ती नै रहेका हुँदा सबैजसो भेगमा वर्षायाम अघिको गर्मी याममा अहिले यो काममा गृहिणी लागेका हुन् ।

‘के गर्नु पकाएर खानु परिहाल्छ,’ यही काममा व्यस्त देखिनु भएकी औरही-१ औरहीबजार बस्तीकी शीलावती देवीले भने, ‘बर्खा लाग्नु पहिले नै गुइँठा, चिपरी थन्क्याइएन भने दुःख पाइन्छ ।’ खासमा बर्खायामका लागि आवश्यक इन्धनको जोहो अहिले नै गर्नुपर्ने हुँदा यो काम अहिले मुख्य बनेको गृहिणी बताउँछन् । अरुबेला खेतबारीका झिक्राझिक्री पनि बाल्न प्रयोग गर्न सकिने भए पनि बर्खामा सबै भिज्ने हुँदा थन्क्याएर राखेको ‘गुइँठा’ र ‘चिपरी’कै भर हुने गृहिणीको भनाइ छ । ‘के गर्नु ? खाना पकाएर ख्वाउने जिम्मा घरका महिलाकै हुन्छ, आफैँले पछि पाउने दुःख सम्झेर पनि अहिले गोबर खोज्नदेखि गुइँठा र चिपरी बनाउन, चाङ लगाएर सुकाउन र राम्ररी थन्क्याउन परेको हो,’ भङ्गाहा-४ रामनगर बस्तीकी रामसखी साहले भने ।

अहिले चर्को घाममा ‘चिपरी’ र ‘गुइँठा’ चाँडै सुक्ने भएको हुँदा गृहिणीले यसलाई मुख्य काम बनाएका छन् । वर्षभरिकै इन्धन जम्मा गर्न ‘चिपरी’ र ‘गुइँठा’ बनाउनुलाई ‘पाथ्ने’ वा ‘पथार्ने’ भनिन्छ । घरमा पशु हुनेले आफ्नै गोठको गोबर जम्मा गरेर कुरी (थुप्रो) लगाउने र नहुनेले सडक र चरनक्षेत्रसम्म पुगेर गोबर सङ्कलन गरेर घर वरपर ल्याएर थुपार्ने महोत्तरीमात्र नभएर मध्यपूर्वी तराईकै आम कुरो मानिन्छ । यसरी दुई-तीन दिन लगाएर थुपारिएको गोबर अर्को दुई-तीन दिन लगाएर ‘गुइँठा’ र ‘चिपरी’ पाथ्ने गरिन्छ । यसरी बनाइएका ‘गुइँठा’ र ‘चिपरी’ घाम राम्रो लाग्ने ठाउँमा चाङ् लगाएर राखिन्छ । यस्तो चाङ् एक महिनाजति घामले सुकेपछि ‘चिपरी’ र ‘गुइँठा’ पानी नचुहिने, नभिज्ने ठाउँमा थाक बनाएर राखेपछि आवश्यकता अनुसार खाना पकाउन प्रयोग गरिन्छ ।

मध्यपूर्वी तराईक्षेत्रमा घरपालुवा पशुबस्तु (गाई, गोरु, भैँसी र राँगा) को गोबर इन्धनमा खर्च हुने भएपछि जग्गा जमिनमा उत्पादन भने कम हुने र रासायनिक मलको प्रयोग बढेको पाका किसान बताउँछन् । ‘खेतबारीमा हाल्नुपर्ने कम्पोष्ट मल बनाइने गोबर दाउरामा प्रयोग गरिन्छ,’ महोत्तरीकै भङ्गाहा नगरपालिका-६ हतिसर्वाका किसान रामलक्षण यादव भन्नुहुन्छ, ‘खेतबारी मलिलो बनाउने कम्पोष्ट मल नभएपछि उत्पादन निकै घटेको छ ।’

अब इन्धनमा गोबरको विकल्प नखोजिने हो भने जग्गाको उर्वराशक्ति ह्रास भएर यहाँका जग्गा ढड्यान (उब्जा नहुने रुखो जग्गा) बन्ने किसान बताउँछन् । सरकारले सर्वसाधारण किसानलाई ग्यास चुलो जडान गर्न उत्प्रेरित गर्न र गरिब जनतासम्म वन सम्पदा (दाउरा) मा पहुँच बढाउन पहलकदमी लिनुपर्ने यादवको भनाइ छ ।

# मह उत्पादनमा कमी

**घोराही ।** दाङमा यो वर्ष मह उत्पादन घटेको छ । मौसमको प्रतिकूल असर, वायु प्रदूषण, वनस्पतिमा फूल नफुलेका कारण यो पटक मह उत्पादनमा कमी आएको हो । यो वर्ष जिल्लामा करिब तीन सय टन मह उत्पादन भएको छ । गत वर्ष जिल्लामा करिब चार सय ५० टन मह उत्पादन भएको थियो ।



पछिल्ला वर्षमा वायु प्रदूषण र जथाभावी बोटबिरुवा मासिँदै जाँदा त्यसको असर मह उत्पादनमा समेत देखिएको घोराही उपमहानगरपालिका-१६ सर्रामा २०६१ सालदेखि नियमित रुपमा मौरीपालन गर्दै आउनुभएका दाङ हनी प्रोडक्सनका रामहरि शर्माले बताए । ‘पछिल्ला वर्षहरुमा प्लटिङ बढेको, फूल फुल्ने रूख कटान हुने गरेको तथा प्राकृतिक समस्याले उत्पादनमा चुनौती थपिएको छ,’ उनले भने, ‘पर्याप्त स्रोत पुर्‍याउन मौरीमय बिरुवा रोपणमा ध्यान दिनुपर्ने बेला भएको छ । मौरीपालनका लागि सबैभन्दा महत्वपूर्ण कुरा उनीहरुको स्रोतको विकास हुनुपर्छ ।’ दाङको घोराही क्षेत्रमा चिउरीको पुष्परस र तुलसीपुर क्षेत्रबाट तोरीको पुष्परसबाट मह उत्पादन धेरै हुने गरेको उनको भनाइ छ ।

नेपाल मौरीपालक महासङ्घ दाङका अनुसार मह उत्पादन घटे पनि मौरीको घार र कृषकको सख्यामा कमी नआएको महासङ्घले जनाएको छ । पछिल्लो समय भारतीय बजारबाट आएको कम गुणस्तरको महका कारण यहाँका मौरीपालक किसान मारमा परेको २० वर्षदेखि मौरीपालन गर्दै आउनुभएका तुलसीपुर उपमहानगरपालिका-६ मोतिपुरका चेतमान भण्डारीको भनाइ छ ।

मौरीपालनमा लाग्ने खर्चको अनुपातमा लगानी उठाउन निकै सङ्घर्ष गर्नुपर्ने अवस्था रहेको उनी बताउछन् । मौरीपालक किसानका समस्याका बारेमा राज्य गम्भीर हुन नसकेको किसानको दुखेसो छ । अझै पनि राज्य र आम नागरिक वर्गमा मौरीपालक किसानले महकै लागि मात्रै पालेका हुन् भन्ने बुझाइले समस्या थपिएको उनीहरुको अनुभव छ । मौरीले महको स्रोतबाट २० प्रतिशत महका लागि र ८० प्रकृति संरक्षणका लागि योगदान हुने गरेको दाबी गर्छन घोराही-१७ गुलरियामा १७ वर्षदेखि मौरीपालन गर्दै आएका मदन न्यौपाने ।

दाङमा उत्पादित शुद्ध मह कृषकका घरमा थन्किएको छ । बजारमा अनधिकृत महलाई विभिन्न नाममा बजारीकरण हुने गरेपछि स्थानीय मह बजार पाउन समस्या भएको छ । यसै पनि गुणस्तर नचिनेर मह खाने परिपाटीले शुद्ध मह बिक्रीमा समस्या छ । नेपाल मौरीपालक महासङ्घ दाङका अध्यक्ष विष्णुराज श्रेष्ठले पहाडी क्षेत्रमा उत्पादन हुने मह आफैँमा अर्ग्यानिक हुने तथा कुनै पनि शुद्ध मह जम्ने हुँदा शुद्ध पहिचान गरेर खरिद गर्न आग्रह गर्छन् ।

यो पटक असोजको पानीले चिउरी फुलेन । चैतको पानीले सिसौको फूल बिगार्‍यो । हिउँदमा पानी परेन । गोभी तोरी भएन । ६ महिना जिल्लाबाहिर चरनका लागि लैजानुपर्ने बाध्यता भोग्दै आएका किसानमध्ये एक सय ५० माहुरीपालक महासङ्घ दाङमा आबद्ध छन् भने १५ हजार बढी घार मौरी छन् ।

गत वर्षकै १० टन बिक्री गर्न नसकेका किसानको यो वर्ष पनि सय टन बढी मह मौज्दात छ । दाङमा आधुनिक एपिस मेलिफेरा, स्थानीय एपिस सेरेना, खागोलगायत जातका मौरीपालन हुने गरेको छ ।

# समृद्धिका लागि बिजुली निर्यात : प्रधानमन्त्री




**काठमाडौँ ।** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले नीतिगत एवम् व्यावहारिक रुपमा नै सरकारले ऊर्जा क्षेत्रलाई समृद्धिको बलियो आधारका रुपमा मान्यता दिई काम कारबाही अगाडि बढाएकाले यसमा थप लगानी गर्नु आजको प्रमुख कार्यभार भएको बताएका छन् । मंगलवारदेखि यहाँ सुरु भएको ‘पावर समिट-२०२३’ लाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले मुलुकलाई आर्थिक रुपमा सबल बनाउँदै अर्थतन्त्रमा गुणात्मक परिवर्तन गर्न पनि हरित ऊर्जा अत्यावश्यक रहेको बताए । मंगलवार नेपालले मौसमी रूपमा नै भए पनि उपभोग गर्नेभन्दा बढी ऊर्जा उत्पादन गर्छ भन्ने विश्वसामु घोषणा गर्न पाउँदा ठूलो गर्व लागेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले निजी क्षेत्रका लगानीकर्ता र सरकारको साझा प्रयासबाट जलविद्युत् परियोजनाहरूको विकासको गतिलाई थप तीव्र पार्दा नतिजा हासिल भएको स्पष्ट पारे ।

‘हामी सुक्खा मौसममा पनि बिजुली आयात गर्न आवश्यक नपर्ने गरी सन् २०२५ सम्म निर्यात हुने अपेक्षा गर्छौं । त्यसैले हामी हरित ऊर्जाका लागि बजार फराकिलो बनाउनेका लागि उत्तम रणनीतिका साथ यस क्षेत्रमा कार्यरत स्वदेशी तथा विदेशीको अनुभवबाट सिक्न यहाँ भेला भएका छौं ।’

धेरै नेपालीको अझै पनि हरित ऊर्जामा पहुँच छैन भन्ने कुरा हामीले बुझेको उल्लेख गर्दै प्रधानमन्त्रीले भने, ‘देशका सबै जनतालाई बिजुली उपलब्ध गराउने लक्ष्यका साथ ग्रिड विस्तार गर्न र अफ ग्रिड प्रविधिमा लगानी विस्तार गरिरहेका छौं । प्रसारण र वितरण लाइनहरू विस्तार गर्न र स्थिर विद्युत् आपूर्ति सुनिश्चित गर्न प्रयास गरिरहेका छौं ।’

प्रधानमन्त्री दाहालले औद्योगिक मागमा वृद्धि गर्दै आर्थिक रूपमा समृद्ध बन्ने आकांक्षाका साथ उत्पादित बिजुलीको स्वदेशी बजारमा नै उपयोग गर्ने गरी प्राथमिकता तय गरिएको प्रधानमन्त्री दाहालको भनाइ छ । स्वदेशमा उत्पादन हुने बिजुली आन्तरिक रूपमा उपयोग गर्न पर्याप्त पूर्वाधार निर्माण नगर्दासम्म यस क्षेत्रमा भइरहेको ठूलो लगानी जोगाउन पनि निर्यात गर्नुपर्ने उनले बताए । क्षेत्रीय र उपक्षेत्रीय बजारमा उपस्थिति जनाउनु आर्थिक रुपले पनि उत्तिकै महत्वपूर्ण रहेको उनको भनाइ थियो । प्रधानमन्त्री दाहालले धेरै विद्युत् खपत गर्न सक्ने क्षेत्रको प्रवर्द्धन, प्रतिव्यक्ति खपत बढाउन सक्ने वातावरण तय गर्दै जीवास्म इन्धनमा रहेको निर्भरता कम गर्न तथा ठूलो व्यापार घाटालाई कम गर्न पनि बिजुलीको उपयोगिता बढाउनुपर्ने उल्लेख गरे । कृषि क्षेत्रको आधुनिकीकरणका लागि पनि ऊर्जाको उपयोगमा तीव्रतर वृद्धि जरुरी रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले उद्योग क्षेत्र अझै पनि डिजेल र कोइलामा निर्भर रहेकाले त्यसको क्षमता वृद्धिका लागि पनि उल्लेख्य रुपमा बिजुलीको उपयोग बढाउनुपर्ने बताए । सरकारले नेपालभरका उद्योगलाई प्रतिस्पर्धी दरमा हरित ऊर्जाको पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्रधानमन्त्री दाहालले खाना पकाउने ग्यासको उपभोग घटाउनेतर्फ केन्द्रित गर्नुपर्ने स्पष्ट पारे । ‘सबै नेपालीलाई हरित उर्जामा खाना पकाउन लगाउन सक्यौँ भने यसले हाम्रो वन संरक्षणमा योगदान पुर्‍याउनेछ र आयातीत ग्यासमाथिको हाम्रो निर्भरता पनि घटाउनेछ’, प्रधानमन्त्री दाहालले भने । यस्तै, जीवास्म इन्धनको आयात घटाउन र जलवायु परिवर्तनको प्रतिकूल प्रभाव कम गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई बढावा दिनुपर्ने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले बिजुली खपत बढाउने महत्वपूर्ण क्षेत्र भनेकै यातायात रहेको बताए । प्रधानमन्त्री दाहालले सरकार निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको दोहोर्‍याउँदै यस समिटमार्फत नेपालको हरित ऊर्जाको बजारलाई फराकिलो बनाउन मद्दत गर्ने स्पष्ट मार्ग निर्देश गर्ने उल्लेख गरे ।फरक एक प्रसङ्गमा नेपालमा भएका ऐतिहासिक राजनीतिक परिवर्तनपछि नेपाली जनतामा ठूलो आर्थिक विकासको आकाङ्क्षा बढेकाले त्यसलाई सम्बोधन गर्न पनि लगानी विस्तार गर्नुपर्ने उनले बताए ।जैविक विविधताको संरक्षण गर्ने विश्वव्यापी प्रयासमा नेपाल अग्रपङ्क्तिमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सन् २०४५ सम्ममा ‘नेट जिरो’ को लक्ष्य तय गरिएको तथ्य पेस गरे ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले सरकार र निजी क्षेत्र एकापसमा सहकार्य गरेर यस क्षेत्रको गुणात्मक विकास र परिवर्तनमा लागिपरेको बताए । उनले बिजुलीको अन्तर्राष्ट्रिय बजारको खोजी, आन्तरिक रुपमा खपत वृद्धिलगायतका काममा सरकार दीर्घकालीन सोचका साथ अगाडि बढेको उल्लेख गरे ।

‘हरित ऊर्जाको बजार विस्तारीकरण’ भन्ने नाराका साथ मंगलवारदेखि पावर समिट यहाँ सुरु भएको हो । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इपान) ले आयोजना गरेको समिट बुधबारसम्म चल्नेछ ।

सो सम्मेलनमा भारत, बङ्गलादेश, भूटान, श्रीलङ्कालगायत ३० भन्दा बढी देशका तीन सय बढी स्वदेशी तथा विदेशी प्रतिनिधि सहभागी छन् । समिटमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका उच्च अधिकारी, बिजुली व्यापारसँग आबद्ध कम्पनी, बैंक तथा वित्तीय संस्था, प्रसारण र वितरण कम्पनी, परामर्शदाताहरुको पनि सहभागिता छ । समिटमा नेपालको विद्युत् बजार, प्रसारण पूर्वाधार, जलविद्युत्को माग, प्रविधि, नवप्रवर्द्धन, अन्तरदेशीय विद्युत् व्यापारलगायत विभिन्न १५ वटा सत्रमा छलफल हुनेछ । सम्मेलनको संरक्षकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय एवम् सह-आयोजकमा लगानी बोर्ड रहेको समिट आयोजक इपानका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिए ।

# मूल्य पाउन थाल्यो अण्डाले

**चितवन ।** अण्डाले मूल्य नपाएपछि कुखुरापालक व्यवसायी छ महिनाअघि सङ्गठित भए । देशैभरका ठूला व्यवसायी भेला भएर व्यवसाय जोगाउनका लागि अन्तिम प्रयासको थालनी गरे ।

उनीहरूले नेपाल लेयर्स कुखुरापालक सङ्घ गठन गरेर देशव्यापीरूपमा बजारीकरणमा जुटेका थिए । यतिबेला अण्डाको मूल्य प्रतिक्रेट (३० वटाको) दुई सय ४० रुपैयाँ हाराहारीमा झरेको थियो ।

विसं २०७९ असोज २९ गते पहिलो भेला भएर सङ्गठन गरेका उनीहरूले बितेका छ महिनामा देशका अधिकांश जिल्लामा पुगेर त्यहाँका किसान र व्यवसायीसँग छलफल र बजारीकरणमा जुटे । अहिले प्रतिक्रेट ठूलो अण्डाको मूल्य तीन सय ७० रुपैयाँ पुगेको छ ।

सङ्घका अध्यक्ष विनोद पोखरेलले यस बीचमा झन्डै ७२ जिल्ला आफूहरू पुगेर बजारीकरणमा काम गरेको जानकारी दिए । उनले भने, ‘तीन-चारवटा जिल्लाबाहेक सबै जिल्लामा हामी एकपटक पुग्यौँ । कति मुख्य बजारमा धेरैपटक पुगेर छलफल गर्‍यौँ ।’ व्यवसायीले अवैध भित्रने कुखुराजन्य पदार्थ रोक्न सम्बन्धित निकायसँग अनुरोधसमेत गर्दै आएका छन् । व्यवसायीलाई मूल्यमा एकरुपता कायम गर्न उनीहरूले आग्रह गरेका छन् । किसानका अरु समस्या समाधानका लागि पहल गर्दै आएका छन् ।

‘पोल्ट्री व्यवसाय बचाउनका लागि अन्तिमपटकको हाम्रो यो प्रयास सफलतातिर गएको छ’, अध्यक्ष पोखरेलले भने । किसानकोमा झन्डै आधा कुखुरा घटेको जनाउँदै उनले लागत मूल्य अझै पाउन नसकेको गुनासो गर्नुभयो । देशभर ३० हजारभन्दा बढी कुखुरा पाल्ने ५० व्यवसायी यो सङ्घमा आबद्ध छन् । अझै १५ जना जति सङ्घमा आवद्ध नभएका बताइएको छ ।



नेपालको पोल्ट्री क्षेत्रमा परिचय कमाउनुभएका गुणचन्द्र विष्टलाई संरक्षक बनाएर आफूहरू देशव्यापी अभियानमा जुटेको अध्यक्ष पोखरेलको भनाइ छ । व्यवसायी सुरेश वैद्य, त्रिलोचन कँडेल र शिभाजी साह पनि अभियानमा जुटेका छन् ।

व्यवसायीको बीचमा सहमति, सहकार्य र एकता कायम गर्दै उपभोक्तालाई गुणस्तरीय वस्तु उपलब्ध गराउन सक्रिय भएको उनको भनाइ छ । सङ्घका महासचिव शोभाकान्त ढकालका अनुसार १० वर्ष पहिले एक क्रेट (३० वटा) अण्डाको मूल्य प्रतिक्रेट तीन सय रुपैयाँमा बिक्री हुन्थ्यो । उनले भने, ‘पाँच वर्षअघि दानाको मूल्य प्रतिकिलो ३० रुपैयाँ हुँदा अण्डा प्रतिक्रेट तीन सय रुपैयाँमा बिक्री हुन्थ्यो । अहिले दाना प्रतिकिलो ६५ रुपैयाँ पर्दा अण्डाको मूल्य उस्तै छ ।’

निजी क्षेत्रको सक्रियताले खपत बढेपछि अहिले अण्डाको मूल्य प्रतिक्रेट तीन सय ७० रुपैयाँ पुगेको छ ।

ढकालको भनाइमा अहिलेको लागतमूल्य प्रतिक्रेट चार सय ५० हाराहारी छ । पोल्ट्री व्यवसायी मञ्चका अध्यक्ष राजेन्द्र लामिछाने उत्पादक र सप्लायर्सबीचमा साझेदारी कायम गर्दै बजारलाई व्यवस्थित गर्न लागिपरेको बताउछन् । सरकारले समयमा सम्बोधन नगरेमा व्यवसाय समाप्त हुने उनको भनाइ छ ।

औषधिलगायत अन्यमा पनि मूल्य दोब्बर भएको उनले बताऐ । एक वर्ष छ महिनाअघि अण्डाको मूल्य प्रतिक्रेट चार सय पाँच रुपैयाँ पुगेर एकोहोरो ओरालो लागेको हो । त्यतिबेला खुद्र मूल्य प्रतिगोटा १६ रुपैयाँ थियो । लागत मूल्यसम्म पाउन सके किसान बच्न सक्ने उनी बताउछन् । नेपालमा दैनिक ४० लाख अण्डा उत्पादन हुन्छ । अण्डाको महत्व बुझाउन सकेमा अण्डाको माग दोब्बर हुने व्यवसायी बताउँछन् ।

सरकारले मूल्य निर्धारण, गुणस्तर नियमन, रोगको नियन्त्रण, क्षतिपूर्तिको प्रत्याभूति, बोर्ड गठन गर्नुपर्ने व्यवसायीको माग छ । अहिलेसम्म कुखुराको दानाको अनुमतिपत्र र नियमित खाद्यमार्फत हुँदै आएको छ । सङ्घका सचिव मदन पोखरेल भारतीय क्षेत्रबाट अवैधरूपमा भित्रिने अण्डा नियन्त्रण गर्नुपर्ने बताउछन् । बैंकको ऋणको ब्याजदर घटाउनुपर्ने र राज्यले समयमै सम्बोधन गर्नुपर्ने उनको भनाइ छ । उनले भने, ‘सरकारले हेरेन भने यो व्यवसाय धरासायी भएर जाने अवस्थामा पुगेको छ ।’

आधाभन्दा बढी व्यवसायी पलायन भइसकेको जनाउँदै उनले उत्पादन घट्दै गएको बताए । उत्पादन घट्दासमेत खपत अझै बढ्न नसकेको भन्दै उनले निजी क्षेत्रको प्रयासले मात्रै नपुग्ने भएकाले सरकारले सम्बोध गर्नुपर्ने बताए । व्यवसायीहरू आफ्नो व्यवसाय छाडेर सामूहिक बजारीकरणका लागि जुटेको उनको भनाइ छ । राष्ट्र बैंकको मौद्रिक नीतिका कारण व्यवसायीहरू थप मर्कामा परेको गुनासो गरेका छन् ।

# पाँच वर्ष सरकार चलाएर परिणाम दिनुपर्छ : थापा

**दमौली ।** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले वर्तमान गठबन्धनको नेतृत्वमा पाँच वर्ष सरकार चलाएर जनतालाई परिणाम दिनुपर्ने बताएका छन् । नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) व्यास नगर समितिले मंगलबार दमौलीमा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै महामन्त्री थापाले गठबन्धन सरकारलाई पाँच वर्ष टिकाएर जानसके जनतामा सकारात्मक सन्देश प्रवाह हुने बताए ।

उनले पाँच वर्ष सरकारलाई निरन्तरता दिएर जनताका पक्षमा काम गर्नुपर्ने बताउँदै भने, "जनतालाई परिणाम दिनुपर्छ, तर जुन गतिमा हामी हिँडिरहेका छौँ त्यो गतिले देशको समृद्धिको लक्ष्य पूरा गर्न सकिँदैन ।" महामन्त्री थापाले अहिलेको परिस्थितिका कारण एउटै दलको बहुमत नआउने भएकाले गठबन्धन गर्नुपरेको धारणा राखे ।

देशको विकासका लागि प्रधानमन्त्री, मन्त्रीदेखि तल्लो तहका सरकारसम्मका प्रतिनिधिले देशमा महाविपत्ति आइरहेको छ भन्ने सोचेर काम गर्नुपर्ने उनले सुझाव दिए । "रातदिन काम गर्नुपर्ने अवस्था आएको छ, छिटो छिटो परिणाम दिने गरी काम गर्नुपर्छ, केन्द्र, प्रदेश र स्थानीय तहको सरकारको लय मिल्नुपर्छ । तबमात्र परिणाम आउँछ", थापाले भने ।

खर्च घटाउँदै आम्दानी बढाउने स्रोतको खोजी गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको महामन्त्री थापाले बताए । उनले जनतामा विश्वास जागृत गराउनुपर्ने उल्लेख गर्दै मिटरब्याज पीडितको समस्या सम्बोधन, समयमै मल ल्याउने व्यवस्था सरकारले गर्नुपर्ने बताए ।

वैशाख १० गते हुने उपनिर्वाचनले सरकार गठन प्रक्रियामा केही प्रभाव नपर्ने भए पनि राजनीतिमा कस्तो व्यक्ति पुरस्कृत हुने भन्ने सन्देश दिनुपर्ने उनको भनाइ थियो । मङ्सिरमा सम्पन्न निर्वाचनमा तनहुँका जनताले दिएको मतका कारण आज तनहुँले राष्ट्रपति पाएको भन्दै महामन्त्री थापाले राष्ट्रपतिले संवैधानिक दायित्व सफलतापूर्वक पूरा गर्नुपर्ने बताए । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसलाई बलियो बनाउने जिम्मेवारी आफूहरूको काँधमा रहेकाले त्यो जिम्मेवारी पूरा गर्ने बताए । कांग्रेसबाट नै अवसर र पहिचान बनाएकाले आज कांग्रेसलाई गाली गर्ने दिन आएको महामन्त्री शर्माको भनाइ थियो ।

गोविन्द भट्टराईलाई उम्मेदवार बनाएर कांग्रेसले न्याय गरेको भन्दै धेरै युवा उहाँलाई मतदान गर्न आतुर रहेको आफूले पाएको उनले बताए । तनहुँको भूगोल बुझेको उम्मेदवार गोविन्द भट्टराई भएकाले उनको जित अनिवार्य रहेको महामन्त्री शर्माले बताए । देशमा केही हुँदैन, देश बन्दैन भन्ने भ्रम फैलाइएको उल्लेख गर्दै महामन्त्री शर्माले देशलाई सतीले सरापेको देश भनेर प्रचार गर्दैमा जिम्मेवारी पूरा नहुने बताए । "देशमा सबै कुरा भएको छ हामी भन्दैनौँ तर देशलाई बनाउँछौँ भन्ने दृढ सङ्कल्प बोकेका छौँ, "महामन्त्री शर्माले भने। आवेगमा गरिएको राजनीतिले परिवर्तन नहुने, राजनीतिमा धैर्य आवश्यक रहेको महामन्त्री शर्माको भनाइ थियो ।

राजनीतिमा सफाइ आवश्यक भएको चर्चा गर्दै उनले राजनीतिलाई स्वच्छ र स्वस्थ बनाउन आवश्यक रहेको बताए । पार्टीभित्र पनि आफूहरूले रुपान्तरणको मुद्दा उठाइरहेको उनले बताए । नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले परिवर्तनको रक्षाका लागि वर्तमान गठबन्धनले जित्नुपर्ने बताए ।

नेपालमा भएका हरेक किसिमका परिवर्तनको रक्षाका लागि वर्तमान गठबन्धनको विजय आवश्यक रहेको उनको भनाइ थियो । 'नेपालमा अहिले वैचारिक र राजनीतिकरूपले दुई धार देखिएको छ, मुलुकको अगाडि देखिएका चुनौतीको समाधानका लागि वर्तमान गठबन्धनको विजय आवश्यक पर्दछ', उनले भने, "लोकतन्त्र र गणतन्त्रको रक्षाका लागि गठबन्धनको विजय अपरिहार्य छ ।"

वर्तमान व्यवस्थालाई विस्थापित गर्ने प्रयत्न भएको बताउँदै महासचिव गुरुङले अहिलेको उपनिर्वाचनको मात्र प्रश्न नभएको उल्लेख गरे । "यो चुनावको कुरा मात्र होइन, नेपालमा देखिएका चुनौतीको समाधान गर्ने कुरा पनि हो", गुरुङले भने, "प्रतिगामी दिशातर्फ अगाडि लैजान खोज्ने प्रवृत्तिलाई उपनिर्वाचनमा पराजित गर्नुपर्छ ।"

महासचिव गुरुङले राष्ट्रिय स्वाधीनताको रक्षाका लागि पनि गठबन्धन आवश्यक परेको बताउँदै अस्थिरता सिर्जना गरेर राष्ट्रिय स्वाधीनता कमजोर बनाउने प्रयास भइरहेकाले सचेत हुन आग्रह गरे । कुशासन र भ्रष्टाचार विकासमा बाधक भएकाले भ्रष्टाचारलाई शून्यमा झारेर सुशासन दिनुको विकल्प नभएको उनको भनाइ थियो । "यसका लागि पनि गठबन्धनले जित्नु आवश्यक छ, वर्तमान सरकार भ्रष्टाचारलाई शून्यमा पुर्‍याएर सुशासन कायम गर्न प्रतिबद्ध छ", गुरुङले भने ।

महासचिव गुरुङले समाजवाद उन्मुख अर्थतन्त्रको विकास गरिने उल्लेख गर्दै आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने सरकारको लक्ष्य रहेको बताए । 'दलाल पूँजीवादका कारण अर्थतन्त्रमा समस्या आएको छ, युवाशक्ति वैदेशिक रोजगारमा जाने समस्या व्यापक छ, यसको समाधानका लागि पनि गठबन्धन आवश्यक छ', गुरुङले भने।

नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले तनहुँ क्षेत्र नम्बर १ का लागि गोविन्द भट्टराई उपयुक्त उम्मेदवार भएको बताए । नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले वर्तमान गठबन्धनको सरकार पाँच वर्ष चल्ने र आर्थिक विकासका आधार तयार गरिने बताए । उनले गठबन्धनलाई स्थिरताको खुड्किलाका रूपमा अगाडि बढाइने उल्लेख गरे । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार गोविन्द भट्टराईले विकासमा तिर्खाएको तनहुँवासीको तिर्खा मेटाउने योजना रहेको बताए । गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, बाटोघाटोलगायतको विकासको सपना पूरा गर्ने योजनासहित उम्मेदवार बनेको उनले बताए । पाँच वर्षभित्र यस क्षेत्रमा आम्दानीका अवसरलाई दोब्बर बढाउने योजना रहेको उनको भनाइ थियो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले वर्तमान गठबन्धनले नै देशको विकास गर्ने भएकाले गठबन्धनका पक्षमा मतदान गर्न आग्रह गरे । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डिला सङ्ग्रौलाले अहिले देशमा चुनौती रहे पनि सबै चुनौती गठबन्धनबाट समाधान गरिने उल्लेख गरे ।

नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य कृष्णकुमार श्रेष्ठले सङ्घीयताको स्थायित्व र लोकतन्त्रको संरक्षणका लागि गठबन्धन गरिएको भन्दै गठबन्धनको जित अपरिहार्य रहेको बताए । नेकपा (माओवादी) केन्द्रका केन्द्रीय सदस्य हरिबहादुर चुमानले उपनिर्वाचनमा गलत प्रवृत्ति र तत्व हावी भएकाले त्यसतर्फ सचेत हुनुपर्ने बताए । कार्यक्रममा एनआरएनएका कार्यकारी अध्यक्ष डा बद्री केसीले निरन्तर प्रयास र सहकार्यको प्रतिफलका रूपमा कोषले वैदेशिक रोजगारीमा रहेका श्रमिकले पेन्सनसहितको सुविधा पाउने गरी योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सुरु गरेकामा आभार व्यक्त गरे । योजनाको सफलताका लागि कोषको केही रकम रोजगारदातालाई पनि तिर्न लगाउनुपर्नेमा उनले जोड दिए । योजना सुरुआत हुनु सकारात्मक भए पनि त्यसमा परिमार्जन आवश्यक भएको उनको भनाइ थियो । अध्यक्ष केसीले सरकारको योजनालाई सफल बनाउन एनआरएनले पहलकदमी लिने र आफ्नो जिम्मेवारी ठानेर सबै श्रमिकलाई पनि योजनामा सहभागी गराउने बताए ।

एनआरएनएका अर्का अध्यक्ष कुल आचार्यले सबै वैदेशिक रोजगारीमा रहेकाहरूलाई योजनामा जोड्न देशैपिच्छे अभियान चलाउन आवश्यक रहेको र त्यसका लागि एनआरएनएले सरकारसँग प्रत्यक्षरूपमा सहकार्य गर्ने बताए । सामाजिक सुरक्षा कोषको योजना सरकारको मात्रै नभई एनआएनएले सन् २०११ देखि उठाउँदै आएको एजेण्डा पनि भएकोले संसारभर रहेका नेपाली श्रमिकको सपना पूरा भएको जिकिर गर्दै उक्त योजनालाई सफल बनाउनु जिम्मेवारी र कर्तव्यसमेत भएको उल्लेख गरे ।

## उपमेयरद्वारा अधिकृतमाथि ..................

पानीको बोतल हानेको घटना बाहिर आएको छ ।

कार्यकक्षमा आसमान नेपालका कर्मचारीसँग मिटिङ गरिरहेका बेला उपमेयरले आफूमाथि पानीको बोतल प्रहार गरेको प्रमुख प्रशासकीय अधिकृत ठाकुरले आरोप लगाए । उनले भने, 'वडा नम्बर-७ बनौटामा निर्माण भइरहेको सडकको काम सोधपुछ नगरी किन रोकेको भन्दै उपमेयर ठाकुरले पानीको बोतल प्रहार गर्नु भयो ।'

उपमेयरकै योजनाअन्तर्गत २५ लाख रुपैयाँको लागतमा निर्माण भइरहेको सडकबारे स्थानीयले ९ फिट मात्र नभई १४ फिट चौडा गर्नुपर्ने माग गर्दै कार्यालयमा लिखित निवेदन दिएपछि तत्कालका लागि काम रोकिएको थियो । सोही कुरालाई मुद्दा बनाएर उपमेयरले दुर्व्यवहार गरेको उनको भनाइ छ ।

यता, उपमेयर ठाकुरले प्रमुख प्रशासकीय अधिकृतमाथि पानीको बोतल प्रहार नगरेको दाबी गरिन् ।

उनले भनिन्, 'कार्यालय सहयोगीलाई प्रशासकीय अधिकृतलाई बोलाएर ल्याउन तीनपटक कार्यकक्षमा पठाएँ । अटेर गर्दै गएपछि पटकपटक फोन समेत गरेँ । तर उहाँले कुनै चासो दिनु भएन ।'

'बाध्य भएर आफैँ कार्यकक्षको गेटमा गएर यहाँ आउनुस्, तपाईंसँग कुरा गर्नुछ भन्दा उहाँले कुनै रेस्पोन्स नगरी कुरै गर्नुछैन भनी अटेरी गरेपछि सामान्य भनाभन भएको हो,' उनले भनिन्, 'अधिकृत ठाकुरले आफूमाथि मुक्का प्रहार गर्ने प्रयास गर्नु भयो ।'

उपमेयर ठाकुरले मेयर रामविजय महतोले आफूमाथि आक्रमण गर्न लगाएको आरोप लगाउँदै भनिन्, 'घटनाबारे मेयरलाई जानकारी गराउदा काम आफूले रोको जवाफ आयो ।' नगरपालिकामा कुनै पनि काम हुँदा मेयर र हाकिम मिलेर हुने गरेको उनको आरोप छ ।

अनुगमन समितिमा आफ्नो अधिकार रहेको भए पनि मेयर र अधिकृतले कुनै जानकारी नदिई अनुगमन गरिरहेको उनको भनाइ छ । भनिन्, 'मेरो अनुगमन विना नै उहाँहरु आपसी मिलामतोमा भुक्तानी गरिरहनु भएको छ ।'

आफूले न्यायिक समितिको व्यवस्थापनका लागि कार्यविधि बनाएर हाकिमलाई तीनपटक बुझाए पनि ११ महिनादेखि कसैले कुनै समन्वय नगरेको उपमेयर ठाकुरको गुनासो छ । उनले भनिन्, 'मेयर महतोले मेरो योजनाका कामरु रोका गर्न लगाउनु भएको छ, गुनासो गर्दा तपाईंको काम रोका गरेको छु, जे मन लाग्छ गर्नुस् भन्दै थर्काउने गर्नुहुन्छ ।' उपमेयर ठाकुरले लगाएको आरोपबारे नगरप्रमुख महतोको फरक भनाइ छ ।

उनले भने, 'उपमेयरज्यूले नगरपालिकामा विना कुनै विषय पटकपटक विवाद गरिरहनु भएको छ ।' 'अहिले हामीसँग प्रशासनिक भवन अभाव छ । हामी सबै कुरा मिलाउन लागेका छौँ,' उनले भने, 'भवन अभावमा कर्मचारीलाई पनि काम गर्न समस्या भइरहेको छ । तर, उपप्रमुखले सामान्य कुरालाई इस्यू बनाएर विवाद खडा गरिरहनु भएको छ ।'

## चार दर्जन बढी ..................

टोलपिच्छे मन्दिर र कुटि मात्रै हराएनन्, भगवानको मूर्तिसमेत गायब भइसकेको छ । मठमन्दिरको जग्गामा भूमाफियाको रजगज छ । संरक्षक र नियामक निकाय गुठी संस्थान, मन्दिरका पुजारी (महन्थ) को मिलामतोमा मठमन्दिर र मातहतका जग्गा भूमाफियाले बेचेर खाइदिएका छन् ।

### लोप भइसकेका मन्दिरहरु

जनकपुरधामस्थित मठमन्दिरहरु कुञ्ज, कुटी, निवास, मन्दिर, सदन, कुण्ड, भवन, आश्रम, दरबार र स्थानसहितको रुपमा विभाजित छन् । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को प्रतिवेदनअनुसार, २०६२ अघिसम्म ५९ कुटी, २० मन्दिर, २० कुञ्ज, एक दरबार, दुई निवास, दुई आश्रम, चार भवन, तीन सदन तीन, स्थान दुई र कुण्ड एउटा थियो । प्रतिवेदनबाहेक पनि एक दर्जनको हाराहारीमा यस्ता मठ मन्दिर छन् । जुन पहिला नै लोप भइसकेका थिए ।

रत्नसागर मन्दिरअन्तर्गत जनकपुरधाम उपमहानगरपालिका-८ मा रहेको बिरखकुट्टी, बागवनी फार्ममा रहेको वीरपुर राधाकृष्ण मन्दिर भगवानको मूर्तिसहित लोप नै भइसकेको छ । बिरख कुटीका अधिकांश जग्गा रत्नसागर मन्दिरका महन्थले बेचेर खाए भने बाँकी रहेका जग्गा वकिल बाबा भनिएका पुजारीले मूर्तिसहित मन्दिर नै लोप गराइयो । अहिले त्यहाँ निजी घर बनिसकेको छ । वीरपुर कुटीको जग्गामा प्रदेश सरकारका संरचना निर्माण भइरहेको छ ।

जनकपुरधाम-८ मै रहेको रसिक बिहारी कुञ्ज भन्ने कुटी मन्दिरका संरक्षणकर्ताका रुपमा रहेका अवधेश पोखरेल भनिने जनकपुरियाले बेचेर काठमाडौँ गइसकेका छन् । मन्दिरको रेखदेखसँगै निजी विद्यालय सञ्चालनका नाममा जग्गा कब्जासँगै मूर्तिसमेत गायव भइसकेको छ ।

यी त उदाहरण मात्र हुन् । जनकपुरधाममा यस्ता चार दर्जन मन्दिर छन्, जुन जनकपुरबाट लोप भइ अस्तित्वमै छैनन् । जनकपुर अञ्चल अस्पताल रहेको ठाउँमा सियाबिहारी कुटी र वरिपरि रासबिहारी कुटी, युगलबाबा कुटी, रेवासी माइजी कुटी, रामेश्वर दास कुटी, सीताराम दास तत्मा कुटी, सीताराम दास मनियार कुटी, विमला बिहारी कुटी पनि लोप भइसकेका छन् ।

रामानन्दचौकस्थित राम जानकी पिक्चर प्यालेस रहेको ठाउँमा रघुवीरशरण व्यास कुटी थियो । त्यो पनि हरायो । कन्हैया कुटी, किशोरी शरण कुटी, सखी कुटी, परमहंसजीको कुटी, वशिष्ठ शरण कुटी, भटवा कुटी, लक्ष्मण शरण कुटीको नामोनिसान नै छैन । रामदयाल शरण कुटी, भजनिया कुटी, सतानन्द आश्रम, लक्ष्मण शरण कुटी, सीताराम दास कुटी बेल्ही, रौनियार कुटी, चमार कुटी, महापात्र कुटी मूर्तिसहित अस्तित्वविहीन छन् । यीबाहेक दर्जनौं जातीय मन्दिर थिए, तिनको पनि लेखाजोखा नै छैन ।

आम्दानीको हरहिसाब छैन, जातीय मन्दिरमध्ये अधिकांशले आफ्नै भवन निर्माण गरी भाडामा लगाएका छन् भने केही त लिजमा दिइएको छ । तर त्यसको आम्दानी के, कहाँ खर्च हुन्छ भनेर सोधिखोजी गर्ने निकायसमेत छैन । जातीय मन्दिरका समिति अध्यक्ष बन्न लाखौं रुपैयाँ खर्च गर्ने परिपाटी मन्दिरबाट हुने आम्दानी हत्याउनकै लागि देखिएको छ ।

### भूमाफियाको रजगज

कुटीले दानमा पाएको जग्गा व्यक्तिमा नामसारी नहुने व्यवस्था थियो । तर नामसारी हुने प्रक्रियापछि मन्दिरको जग्गा त के मूर्तिसमेत भूमाफियाको नियन्त्रणा पर्‍यो । २०२२ सालमा गुठी संस्थान ऐन आयो ।

नेपाली नागरिकता नभएका साधुसन्तले मठमन्दिरको जग्गा चलाउन नपाउने विषयमा विभिन्न नियम बने । कतिपय साधुसन्तले नेपाली नागरिकता भएका चेलालाई मठमन्दिरको स्वामित्व सुम्पिए । तर संरक्षणको जिम्मेवारी लिएकाहरु आफैँ कोही पुजारी बने त कोही महन्थपछि मन्दिरसहित जग्गा नै भूमाफियासँग मिलेर हत्याइदिए ।

कतिपय मन्दिर र जग्गा सरकारी स्वामित्वमा राखेर प्रयोगमा ल्याइएको छ । तर अधिकांश मन्दिर निजीरुपमै अतिक्रमण परेका छन् । जनकपुरका महन्थहरु नै सम्वेदनशील नहुँदा पनि मठमन्दिर विनास भएको सुन्दर सदनका महन्थ नवलकिसोर बताउछन् । उनले भने, 'जनकपुर धार्मिक नगरी भए पनि महन्थहरुमा धार्मिक आस्था नभएको र पुजारी तथा संरक्षणकर्ता धर्म भन्दा पनि व्यवसायमा आकर्षित भएको घटनाले पनि मन्दिर लोप भएको हो ।'

मठ मन्दिरको संरक्षणकर्ता गुठी संस्थान जनकपुरधामका प्रमुख आनन्दप्रसाद कर्माचार्यले भने, 'जनकपुरधाममा मठ मन्दिर धेरै रहेको र लोप भइसकेको सुनेको छु, तर आफू नयाँ भएकाले यसबारे थप जानकारी नभएर बुझ्दैछु ।'

# 'भ्रष्टाचार नियन्त्रणसहितको सुशासन मुख्य कार्यभार'



**काठमाडौँ ।** उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले जनताको सेवा प्रवाहमा सरलता र भ्रष्टाचार नियन्त्रणसहितको सुशासन आफ्नो मुख्य कार्यभार भएको बताएका छन् ।

गृह मन्त्रालयमा मंगलबार पत्रकारसँगको परिचयात्मक भेटघाटका क्रममा उनले राजनीतिलाई सफा गरी कसरी मुलुकको परिवर्तन गर्न सकिन्छ भन्ने विषयमा आफू गम्भीर रहेको बताए । उनले गृह प्रशासनको सुधार तथा सुशासन र सेवा प्रवाहमा कुनै सम्झौता नहुने बताए । उनले गृह प्रशासन र प्रहरीलाई राजनीतिक तथा शक्ति केन्द्रबाट मुक्त गर्ने आफ्नो अभियान रहेको र बिचौलियाबाट हुने सबै कामलाई शून्यमा झारिने दृढता व्यक्त गरे । गृहमन्त्री श्रेष्ठले सुरक्षाको सुदृढीकरण, राष्ट्रिय एकता, जनयुद्ध र जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्दै संविधानको रक्षा, शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्दै सङ्क्रमणकालीन न्यायका कार्यभार पूरा गर्नु र मुलुकलाई रूपान्तरितसहितको आर्थिक विकासमा अघि बढाउने आफ्नो मुख्य कार्यभार रहेको बताए ।

राष्ट्र र जनताका निम्ति प्रहरी प्रशासन रहेको स्मरण गर्दै उनले गृह प्रशासनमाथिको पहुँचमा परिवर्तन ल्याउँदै पहुँच नपुगेकाका हितमा काम गर्ने विश्वास व्यक्त गरे । राष्ट्रिय सुरक्षामा कुनै पनि प्रकारको गतिविधि गर्न नदिने उनले प्रतिबद्धता पनि जनाए । आमजनताले महसुस गर्ने गरी सेवा प्रवाहमा आफू गम्भीर रहेको उनको भनाइ थियो ।

'सहज र सरल ढङ्गले जनताले सेवा पाउनुपर्छ, भोलि आऊ भनेर नागरिकलाई दुःख दिने काम अब चल्दैन', गृहमन्त्री श्रेष्ठले भने, 'अब यसमा गम्भीर हुनुपर्छ, त्यसका लागि कर्मचारीलाई प्रशिक्षण दिइने छ र अभाव भएको ठाउँमा जनशक्ति थपिनेछ ।' उनले लैङ्गिक हिंसा बढ्दो क्रममा रहेकोप्रति चिन्ता प्रकट गरे । त्यस्ता घटनाको प्रभावकारी नियन्त्रण तथा पीडकलाई दण्डित गर्ने कुरामा आफ्नो ध्यान जाने बताए । उनले दलित उत्पीडितप्रतिको भेदभावमा कुनै छुट नहुने र त्यसका लागि जागरण अभियान बढाउनुपर्ने आवश्यकता औल्याए ।

लागुपदार्थको दुर्व्यसनीले धेरै युवा प्रभावित भएका र त्यसतर्फ गृहप्रशासन गम्भीर रहेको जानकारी दिँदै गृहमन्त्री श्रेष्ठले नेपाललाई लागुऔषध व्यापारको ट्रान्जिट हुनबाट रोक्ने बताए ।

उनले अपराध नियन्त्रणमा गम्भीर भएर लाग्ने, जेलको सुधार, अध्यागमनलाई प्रविधिमैत्री बनाउँदै वैदेशिक रोजगारीमा जाने युवालाई कसरी सहज बनाउने भन्ने विषयमा ध्यान गएको बताए । उनले विमानस्थलबाट हुने गलत प्रवृत्तिलाई नियन्त्रण गर्ने प्रतिबद्धता पनि जनाए ।

राष्ट्रिय परिचयपत्रको उपादेयतालाई पुष्टि हुने गरी काम गर्नुपर्नेमा जोड दिँदै गृहमन्त्री श्रेष्ठले नागरिकतालाई सहज र छिटो बनाउने विषय आफ्नो प्राथमिकतामा रहेको बताए । उनले नागरिकताका कतिपय सवालमा राष्ट्रिय सहमति जुटाउने पहल भइरहेको पनि बताए । सुरक्षा निकायलाई शक्तिकेन्द्र र राजनीतिको दबाबबाट मुक्त राख्ने उनको भनाइ थियो । गृहमन्त्री श्रेष्ठले मिटरब्याज पीडितको न्यायका लागि सरकार गम्भीर रहेको र केही काम सुरु पनि गरिसकिएको जानकारी गराऐ । उनले पीडितको नाममा फाइदा उठाउनेप्रति सजग हुन पनि आग्रह गरे ।

मिटरब्याजसम्बन्धी समस्या समाधानका लागि आवश्यक कानून संशोधनको प्रक्रियामा गइसकेको र आयोगले काम थालिसकेकाले जसरी पनि पीडितलाई मिटरब्याजीको शोषणबाट अन्त्य गरेरै छाड्ने उनले विश्वास दिलाए । उनले हिजो मिटरब्याज पीडित र प्रहरीबीच भएको झडपका विषयमा अध्ययन गर्न सहायक प्रजिअको नेतृत्वमा समिति गठन गरिसकेको र घाइते भएकालाई सरकारले निःशुल्क उपचार गर्ने व्यवस्था मिलाइएको जानकारी पनि गराए । उनले समग्र गृह प्रशासन सुधारका लागि विशेष कार्ययोजनासहित अघि बढ्ने प्रतिबद्धता पनि जनाएका छन् ।

# सामाजिक सुरक्षालाई बृहत् सहभागितामूलक योजना बनाइनुपर्छ : मन्त्री



**काठमाडौँ ।** श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले सामाजिक सुरक्षा योजनालाई बृहत् सहभागितामूलक योजना बनाउनुपर्नेमा जोड दिएका छन् ।

वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउने उद्देश्यले मंगलबार गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) ले आयोजना गरेको कार्यक्रममा उनले उक्त योजना भर्खरै सुरुआत भएकाले वास्तविक श्रमिकमैत्री बनाएर अघि बढ्नुपर्ने बताए ।

सामाजिक सुरक्षा योजनालाई सफल बनाउन एनआरएनको भूमिका महत्त्वपूर्ण हुने भन्दै उनले श्रम स्वीकृति लिएका वा नलिएका सबै नेपालीलाई कानूनी दायरामा ल्याउन सरकारले विशेष पहल सुरु गर्ने बताए । त्यसका लागि एनआरएनएसँगको सहकार्य महत्त्वपूर्ण हुने उनको भनाइ थियो । 'श्रमिकको सुरक्षा र उनीहरूको श्रमको सम्मानका लागि पनि सरकार सरोकारवाला र गन्तव्य मुलुकका सरकारसँग संवाद गरेर अघि बढ्छ', उनले भने, 'योजनाको फाइदाबारे सबैलाई बुझाउनु जरुरी छ ।'

श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले योजनामा आबद्ध हुन आग्रह गर्दै गन्तव्य मुलुकहरूसँग श्रम सम्झौतालगायत नीतिगत र सरकारी प्रक्रियागत काम सुरु भएको बताए । कार्यविधि कार्यान्वयनका क्रममा देखा पर्ने समस्या र उल्झनलाई क्रमशः समाधान गर्दै जाने उनको भनाइ थियो । सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले श्रमिकलाई अभिमुखीकरणका लागि निरन्तर कार्यक्रम, अनलाइन कक्षा, २४ घण्टे कल सेन्टरसहित एनआरएनएको सञ्जालसहित बैंकिङ च्यानललाई प्रयोग गरिने बताए ।

# सम्मान कार्यक्रममा १२ जनाको मृत्यु



**दिल्ली ।** प्रचण्ड गर्मीका कारण भारतको महाराष्ट्र राज्यमा आयोजित एक सम्मान समारोहमा सहभागी १२ जनाको मृत्यु भएको छ भने अन्य थुप्रैलाई उपचारका लागि अस्पताल भर्ना गरिएको छ।

चर्को घाम लागेको बेला सरकारद्वारा प्रायोजित घण्टौं लामो कार्यक्रम खुला मैदानमा भएको थियो । प्रतिष्ठित सामाजिक अभियन्ता सम्मानार्थ आइतवार आयोजित कार्यक्रममा हजारौं मानिस उपस्थित थिए।

कार्यक्रममा आएका धैरै मानिसले शरीरमा पानीको कमी भएको र अन्य गर्मीसँग सम्बन्धित समस्याबारे जानकारी गराएका थिए। भारतमा सबैभन्दा गर्मी हुने अप्रिल महिनामा बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म बाहिर ननिस्किन स्वास्थ्य विज्ञहरूले सुझाव दिएका छन्।

वित्तीय केन्द्र मुम्बई नजिकैको सहर नवी मुम्बईमा कार्यक्रम आयोजना भएको थियो जहाँ आइतवार अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस थियो । घटनास्थलका तस्बिरहरूमा हजारौं मानिस चर्को घाममा चउरमा बसिरहेका देखिन्छन्। त्यहाँ कुनै छाना वा ओतको प्रयोग भएको देखिँदैन।

अधिकारीहरूले सञ्चारमाध्यमलाई बताए अनुसार कार्यक्रम स्थलमा खाजाको व्यवस्था गरिएको थियो र चिकित्सकीय सहायता प्रदान गर्न बुथहरू स्थापना गरिएको थियो। तर विपक्षी दलहरूले भने कार्यक्रम अव्यवस्थित भएको आरोप लगाएका छन्। उनीहरूले वर्षको यो समयमा कार्यक्रम आयोजना गर्न नहुने बताएका छन्।

खारघर इन्टरन्याशनल कर्पोरेट पार्क भनिने मैदानमा अप्पासाहेब धर्माधिकारी भनेर चिनिने समाजसेवी दत्तात्रय नारायण धर्माधिकारीलाई पुरस्कार प्रदान गर्न कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा भारतका गृहमन्त्री अमित शाह र राज्यको सत्तारुढ भारतीय जनता पार्टी (बीजेपी)का नेताहरू लगायत शीर्ष राजनीतिकर्मीको उपस्थिति थियो।

स्थानीय सञ्चारमाध्यमले उक्त कार्यक्रममा लाखौं मानिस सहभागी भएको र तीन घण्टाभन्दा बढी सञ्चालन भएको उल्लेख गरेको छ। त्यहाँ आएका धैरैले शरीरमा पानीको कमी भएको, रक्तचाप बढेको र थकान महसुस भएको गुनासो गरेका थिए।

त्यस्तै करिब दुई दर्जन मानिसलाई अस्पतालमा भर्ना गरिएको जनाइएको छ । महाराष्ट्रका मुख्यमन्त्री एकनाथ शिन्देले ‘अप्रत्याशित र पीडादायी’ घटना घटेको बताए र प्रत्येक मृतकका परिवारलाई पाँच लाख रुपैयाँ क्षतिपूर्तिको घोषणा गरे। उनले कार्यक्रममा उपस्थित बिरामीहरूको सरकारले निःशुल्क उपचार गर्ने बताए।

विपक्षी दलका नेताहरूले सरकारले जनताको ज्यान जोखिममा पारेको आरोप लगाएका छन्। पूर्व मुख्यमन्त्री उद्धव ठाकरेले घटनालाई ‘उचित ढङ्गले आयोजना नगरिएको’ र घटनाको छानबिन गर्न आह्वान गरेका छन्।

कांग्रेसका प्रवक्ता अतुल लोन्धे पाटिलले राज्य सरकारमाथि लापरबाही गरेको आरोप लगाए र अप्रिल महिनामा कार्यक्रम आयोजना गरेको कारण मानिसहरूले ज्यान गुमाएको बताए।

सन् १९०१ पहिलो पटक भारतमा पहिलो पटक फेब्रुअरी महिनामा सर्वाधिक उच्च तापमान कायम भएको छ।

कांग्रेसका प्रवक्ता अतुल लोन्धे पाटिलले राज्य सरकारमाथि लापरबाही गरेको आरोप लगाए र अप्रिल महिनामा कार्यक्रम आयोजना गरेको कारण मानिसहरूले ज्यान गुमाएको बताए । भारतमा यो वर्ष फेब्रुअरीमा सन् १९०१ उच्च तापमान भएको रदेशको मौसम विभागले मार्च र मे बीचमा गर्मीको लहर “बढ्ने सम्भावना“ पनि पूर्वानुमान गरेको छ । बिबिसी

# एसिसी प्रिमियर कपमा नेपालको विजयी सुरुवात



**काठमाडौं ।** एसिसी प्रिमियर कप क्रिकेटमा नेपालले विजयी सुरुवात गरेको छ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा उद्धाटन खेलमा मलेसियालाई ६ विकेटले हराउँदै नेपालले विजयी सुरुवात गरेको हो।

नेपालले जितका लागि पाएको २३६ रनको लक्ष्य ३६.२ ओभरमा ४ विकेट गुमाएर पूरा गऱ्यो। नेपाललाई जिताउन भीम सार्कीले ७१ रन बनाए। कुशल मल्ल ७० रनमा नट आउट रहे । रोहित पौडेलले ४२ र कुशल भुर्तेलले ३८ रन बनाए। आसिफ सेख १ रनमा आउट भए।

यसअघि कप्तान अहमद फैज र विरन्दीप सिंहले शतकीय साझेदारी गरेपछि मलेसियाले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २३५ रन बनाएको हो। अहमद फैज र विरन्दीपले दोस्रो विकेटका लागि ११६ रनको साझेदारी गरे।

फैजले ९५ बलमा ८ र १ छक्का प्रहार गरी सर्वाधिक ७६ रन बनाए। विरन्दीप ९४ बलमा ४६ रन जोडे। उनले २ चौका प्रहार गरे।

ओपनर मुहम्मद अमिर १७ रन बनाएर आउट भएका थिए । त्यसबाहेक अजार हायतले २२, मुहम्मद वाफिकले २१ र मुहमद सहादतले १५ रन बनाए। मलेसियाले १२ रन अतिरिक्तबाट पाएको थियो।

नेपालका लागि सोमपाल कामी र सन्दीप लामिछानेले ३-३ विकेट लिए। सोमपालले ९ ओभरमा ४० रन खर्चिए भने सन्दीपले १० ओभरमा १ मेडन राख्दे ४८ रन खर्चिए। ललित राजवंशीले १० ओभरमा ३४ रन खर्चेर २ विकेट लिए। गुलशन झाले १ विकेट लिए।

# सुडान द्वन्द्वमा दुई सयको मृत्यु



**खार्तुम ।** सुडानको राजधानी खार्तुममा गत शनिबारदेखि जारी विद्रोही अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीचको झडपमा करिब दुई सय जनाले ज्यान गुमाएका छन्भने एक हजार सय जना घाइते भएका छन्।

सुडानका सेना प्रमुख अब्देल फताह अल बुरहान र उनका सहायतक मोहमद हमदान डगालो नेतृत्वको अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आर एसएफ)बीचको जारी द्वन्द्वले देशलाई गम्भीर अराजकतातर्फ धकेलेको छ । भीषण युद्धका कारण अस्पतालहरू क्षतिग्रस्त भएका छन्भने सहायताका काममा अवरोध उत्पन्न भएको छ। अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका तो ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति सङ्घर्षले लिएको उग्ररुपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो।

सुडानामा नागरिक शासन कसरी पुनःस्थपना गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ। आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आर एसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ।


सुडानमा जारी युद्ध लामो समयसम्म चर्कने चेतावनी विश्लेषकहरूले दिएका छन् । युद्धविरामका लागि क्षेत्रीय एवम् विश्वव्यापीरूपमा आह्वान भए पनि सम्बद्ध पक्षले त्यसलाई वेवास्ता गरेका छन्। विश्व शक्ति राष्ट्रले वार्ताको माध्यमबाट समस्याको निकास खोज्न आग्रह गरेका छन् तर त्यसको सुनुवाई भएको छैन।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले द्वन्द्वरत दुवै पक्षका सेना प्रमुखसँग मङ्गलबार टेलिफोन गरेर तत्काल युद्धविराम गर्न आह्वान गर्नुभएको छ । साथै उनले सुडानमा कार्यरत कूटनीतिक कर्मचारी र सहायताकर्मी सुरक्षा सुनिश्चित गर्न आग्रह गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरससहित बेलायत, अमेरिका, युरोपेली सङ्घ, रुस र चीनले तत्काल युद्ध अन्त्यको आह्वान गरेका छन्।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता जोन किर्बीले खार्तुमबाट अमेरिकी कर्मचारीलाई उद्धार गर्ने कुनै योजना नरहेको बताएका छन् । हाल खार्तुम विमानस्थल बन्द छ भने सुरक्षा चासो बढेको छ । सोमबार खार्तुमको मुख्य विमानस्थलमाथि धुवाँको बादल देखिएको थियो भने टेलिभिजनमा आगो र विष्फोटका दृश्य प्रसारण गरिएका थिए।

# अमेरिकी आलोचनाको ब्राजिलद्वारा खण्डन



**ब्रासिलिया ।** ब्राजिलले आफ्ना राष्ट्रपतिमाथि युक्रेन युद्धलाई लिएर चीन र रुसको भाषा बोलेको आरोपको खण्डन गरेको छ । राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले सोमबार मस्कोका एक जना शीर्ष कूटनीतिज्ञसँग भएको भेटवार्तालाई लिएर वासिङ्टनले गरेको आलोचनाको ब्राजिलले अस्वीकार गरेको हो।

चीन र मध्यपूर्वका भ्रमण पूरा गरी राजधानी फर्केका ब्राजिलका राष्ट्रपति र रुसका विदेशमन्त्री सेर्गेइ लाभरोभसँगको भेटवार्तामा पनि उनले चीन र मध्यपूर्व भ्रमणका बेला ‘युक्रेन युद्ध अन्त्य तथा त्यहाँ शान्ति स्थापनाका निम्ति अमेरिकाले प्रयास गर्नुपर्ने’ मा जोड दिएका थिए । युक्रेनमा युद्ध स्वयम् किएभले नै निम्त्याएको उनको कथनप्रति अमेरिकाले आपत्ति जनाएको थियो । वासिङ्टनले राष्ट्रपति लुला चीन र रुसका समर्थक भएको आरोप लगाएको छ । मस्कोमाथि प्रतिबन्ध लगाउने तथा किएभलाई सुदृढ पार्ने अन्तरराष्ट्रिय प्रयास तथा विशेष गरी पश्चिमा राष्ट्रका कदमप्रति राष्ट्रपति लुलाले गरेको टिप्पणीबाट अमेरिका रुष्ट भएको छ।

युक्रेन युद्धलाई लिएर चीन तटस्थ देखिए पनि मस्कोसँगको बेइजिङको साझेदारी कायम छ । बेइजिङ मस्कोमाथि प्रतिबन्ध लगाउने नीतिको विपक्षमा छ । युक्रेनमा शान्ति कायम गर्न मध्यस्थता गर्ने प्रयासस्वरुप केही साताअघि बेइजिङले शान्ति स्थापनाको मार्गचित्र पनि प्रस्तुत गरेको थियो।

करिब एक महिनाअघि रुस भ्रमणका बेला चिनियाँ राष्ट्रपति सी चीनफिङले युक्रेनको मुद्दामा शान्ति र न्यायका निम्ति आवाज उठिरहेको बताउनुभएको थियो । विश्वका अधिकांश देशले तनाव कम गर्ने, शान्ति वार्ताको पक्षमा उभिने अभिमत जाहेर गरेका बताउँदै उनले वार्ताको माध्यमबाट समस्याको समाधान गर्नुपर्नेमा जोड दिएका थिए।

# रुसी धम्कीको जि सेभेनद्वारा निन्दा

**कारुइजावा ।** उन्नत अर्थतन्त्र भएका युरोपेली सङ्घसहित सात राष्ट्रको अन्तरसरकारी अन्तरराष्ट्रिय राजनीतिक मञ्च जि सेभनले बेलारुसमा आणविक हतियार तैनाथ गर्ने रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको घोषणाको निन्दा गर्दै त्यसलाई अस्वीकार्य भनेको छ।

क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, बेलायत र अमेरिकाका अतिरिक्त युरोपेली सङ्घ सदस्य रहेको मञ्चका विदेशमन्त्रीहरूको नागानोको कारुइजावामा भएको बैठकपछि रुसी राष्ट्रपतिको अभिव्यक्तिप्रति आपत्ति जनाएको हो।

बैठकले रुसमाथि लगाइएका प्रतिबन्ध छल्न नदिन र तेस्रो पक्षबाट हुनसक्ने हतियार आपूर्ति रोक्न पारस्परिक समन्वयलाई सुदृढ तुल्याउन सहमति जनाउँदै आपसी एकतामा जोड दिएको छ । साथै बैठकले कोरियाली प्रायद्वीप र ताइवानको जलक्षेत्रमा शान्ति एवम् स्थायित्व कायम गर्न आवश्यक भएकामा जोड दिएको छ।

बैठकले अफगानिस्तानमा गैरसरकारी संस्था तथा संयुक्त राष्ट्रसङ्घीय निकायमा अफगान महिलालाई काम गर्न लगाएको प्रतिबन्ध तत्काल फिर्ता लिन माग गरेको छ। विदेशमन्त्रीहरूको बैठकले रुसलाईं सघाउने देशलाई कारबाही गर्ने चेनावनी पनि दिएको छ । युक्रेनमा युद्ध लड्न रुसलाई सहयोग




गर्नेहरूले तयसको गम्भीर मूल्य चुक्ता गर्नुपर्ने चेतावनी बैठकले दिएको छ । विदेशमन्त्रीहरूले उत्तरकोरियालाई क्षेप्यास्त्र परीक्षणबाट टाढा रहन पनि आह्वान गरेका छन्।

यसैगरी, बैठकले सुडानमा सङ्घर्षरत दुवै पक्षलाई अविलम्ब शत्रुता त्यागेर वार्तामा बस्न र त्यसबाटै सबै समस्याको समाधान खोज्न आह्वान गरेको छ।

राष्ट्रसङ्घीय अधिकारीहरूका अनुसार शनिबारदेखि विद्रोही अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीच भएको झडपमा परी करिब दुई सय जनाले ज्यान गुमाएका छन् भने एक हजार सय जना घाइते भएका छन्।

यसअघि राष्ट्रपति पुटिनले बेलारुसमा आणविक हतियार भण्डारण गर्ने सुविधायुक्त स्थल आगामी जुलाई १ सम्ममा सम्पन्न हुने जनाउँदै बेलारुसका युद्धविमानलाई आणविक हतियार बोक्न सक्षम बनाउने गरी आधुनिकीकरण गर्न मद्दत गरिएको बताएका थिए।

# चामल मिलको भवन भत्किँदा...



**कर्नाल ।** हरियाणा राज्यको कर्नालस्थित तीनतले चामल मिलको भवन भत्किँदा चार जनाको मृत्यु भएको छ भने अनय २० जना घाइते भएका छन्।

सामबार राति मिलमा सुतिरहेका मजदुरमाथि भवनको पर्खाल खसेको थियो। दुर्घटनाका बेला मिलमा एक सय ५० कामदार थिए । घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। हालसम्म एक सय जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। भग्नावशेषमा अन्य कामदार पुरिएको आशङ्कामा खोजिबन भइरहेको छ।

भवन निर्माणमा संरचनागत त्रुटी देखिएको बताउँदै कर्नाल प्रहरीका उपप्रमुख अनिश यादवले घटनाको छानबिन गर्न समिति गठन गरिने जानकारी दिएका छन्। साथै उनले मिलका मालिकालाई कानुनी कारबाही गरिने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । राष्ट्रिय प्रकोप प्रतिकार्य कार्यदल र राज्य विपद् प्रतिकार्य कोषका अधिकारी पनि घटनास्थल पुगेर त्यहाँको वस्तुस्थितिबारे जानकारी लिएका छन्।

# ‘धर्म परिवर्तन चिन्ताको विषय’

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम, ५ वैशाख ।**
नेपालमा धर्म परिवर्तनको तीव्र गति चिन्ताको विषय बनेको सरोकारवालाहरुले बताएका छन् ।



विश्व हिन्दू परिषद नेपालले गरेको अन्तरक्रियामा मिलिन्द पराण्डेले नेपाल विश्वको एक मात्र हिन्दू राष्ट्र भएकामा षड्यन्त्र गरी धर्मनिरपेक्ष बनाएर हिन्दू राष्ट्र विश्वको नक्साबाट लोप बनाइएको बताए । उनले नेपालमा ८६ प्रतिशत हिन्दू भएकामा ६४ प्रतिशतमा झर्नु चिन्ताको विषय भएको बताउँदै क्रिस्चियन र मुस्लिमको संख्या तीव्र भइरहेको बताए।
हिन्दूलाई क्रिश्चियन बनाउने, लभ जिहाद र बंगलादेशी, रोहिंग्या मुस्लिम घुसपैठ भइरहेको बताउँदै नेपाल-भारत सीमानामा सुरक्षाका लागि खतरा भइरहेको वक्ताहरुको धारणा थियो । हिन्दी भाषा अभियानी रमन पाण्डेले चीनबाट भएको नेपालको भूमि अतिक्रमण र धर्म परिवर्तनबारे जानकारी गराएका थिए । विश्व हिन्दू परिषद धनुषाका अध्यक्ष सन्तोषकुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह, नेपाल सन्त मार्गदर्शक नेपालका उपसंयोजक लक्ष्मण दास, विश्व हिन्दू परिषद् नेपालका राष्ट्रिय सचिव रामपुकार ठाकुर, नेपाल हिन्दू स्वयंसेवक संघका जनकपुरधाम इन्चार्ज पवन ठाकुर, मनोहर साहले मन्तव्य राखेका थिए ।

# महिला उद्यमी केन्द्र स्थापना हुने

**मधेशदृष्टि**
**वीरगंज, ५ वैशाख ।**
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले महिलाको आयआर्जन बढाउन महानगरपालिकाले महिला उद्यमी केन्द्र स्थापना गर्ने बताएका छन् । वडा न ५ वडा समितिको आयोजनामा मातातीर्थ औंसी तथा आमाको मुख हेर्ने दिनका अवसर पारी आयोजित कार्यक्रममा नगर प्रमुख सिंहले आमाहरुको सम्मान र साथ सहयोग गर्न वीरगंज महानगरपालिका तत्पर रहेको बताए ।
उनले आमा समूह देशभर जागृत भएको र वीरगंजमा पनि आफ्नो टोल, छरछिमेक घरआँगनको सरसफाइ, स्वच्छ वातावरण निर्माणमा जुट्न आग्रह गरे ।



वीरगंज महानगरपालिका वडा नम्बर ५ का अध्यक्ष प्रदीप चौरसियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडाका ज्येष्ठ महिलालाई नगर प्रमुख सिंहले सम्मान गरेका थिए । वडा नम्बर ५ आमा समूह तथा वडा कार्यालयको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा ठूलो संख्यामा महिलाको सहभागिता थियो । कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेल, वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, सशस्त्र प्रहरी नायब उपरीक्षक रामजङ्ग पाण्डे, प्रहरी निरीक्षक विदुर सापकोटा, मानव अधिकारकर्मी कृष्ण खनाल, नगर प्रमुखका प्रेस सल्लाहकार महेश दास, आमा समूहका अध्यक्ष जुली श्रेष्ठलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# चोरीको मोटरसाइकलमा इन्स्पेक्टर

**मधेशदृष्टि**
**वीरगंज, ५ वैशाख ।**
सलाहीमा चोरी भएको मोटरसाइकलमा सरकारी प्लेट नम्बर राखेर प्रहरी अधिकृत नै हिँडेको भिडियो भाइरल भएको छ । सदरमुकाम मलंगवामा बिओपी खुटौनाका सशस्त्र प्रहरी इन्सपेक्ट अंगत खड्का र सशस्त्र प्रहरी जवान रबिन चोरीको मोटरसाइकल प्रयोग गरिरहेको अवस्थामा पक्राउ परेको घटनाको भिडियो भाइरल भएको हो ।
मलंगवा नगरपालिका-९ का राकेश राउतको प्रदेश २-०२-००३ प ७७२९ नम्बरको मोटरसाइकल फागुन १२ गते राति मलंगवा-४, शिवसागर चौकस्थित रहेको नुतन आयल स्टोरबाट चोरी भएको थियो । त्यही मोटरसाइकल सशस्त्र प्रहरीले नम्बर बदलेर सवार रहेको पाइएपछि भिडियो भाइरल बनेको छ ।

# रक्सौल नाकामा कोरोना परीक्षण

**मधेशदृष्टि**
**वीरगंज, ५ वैशाख ।**
भारतमा कोरोना सङ्क्रमण बढेसँगै नेपालमा पनि उच्च सतर्कता अपनाइएको छ । नेपालको मुख्य प्रवेशद्वार वीरगंज-रक्सौल नाकामा कोरोना परीक्षण तिब्र पारिएको छ । वीरगंज नाकामा हेल्थ डेस्क स्थापना गरेर भारतबाट आउनेको दैनिक परीक्षण भइरहेको छ । परीक्षणक्रममा विहीबार दुई भारतीय नागरिकमा कोरोना सङ्क्रमण पुष्टि भएको हेल्थ डेस्ककी प्रमुख डा. अनिषा महतोले बताइन् । डा. महतोका अनुसार भारतको पश्चिम बङ्गालस्थित कलकत्ताबाट आएका पर्यटकमध्ये दुईजनामा र्‍यापिड टेस्ट प्रविधिबाट परीक्षण गर्दा कोरोना पुष्टि भएको हो । सङ्क्रमण पुष्टि भएकामा कोरोनासँग मिल्दोजुल्दो कुनै लक्षण नदेखिए पनि पिसिआर परीक्षण गर्ने परामर्श दिएर उनीहरुलाई पुनः भारत नै फिर्ता पठाइएको डा. महतोले बताए । भारतबाट आउने पर्यटक र लामो समयसम्म त्यहाँ बसेर आएकाको प्राथमिकताका साथ परीक्षण भइरहेको उनले बताइन् । उनका अनुसार दैनिक ४ सय जनासम्मको परीक्षण भइरहेको छ । त्यस्तै, भारतका विभिन्न ठूला सहरबाट रक्सौल आउने रेलका यात्रुलाई परीक्षणको दायरामा ल्याउने प्रयास भइरहेको छ ।



# पर्यटकलाई दुर्व्यवहार गर्नेलाई कारबाहीः अध्यक्ष

## समाचार प्रभाव

**मधेशदृष्टि**
**जनकपुरधाम, ५ वैशाख ।**
गोरखाको मनकामनास्थित होटल मिड फूलबारीका सञ्चालकले गरेको दुर्व्यवहारसम्बन्धी समाचार मधेशदृष्टि दैनिकमा छापिएपछि सहिद लखन गाउँपालिकाका अध्यक्ष रमेश बहादुर थापा मगरले ध्यानाकर्षण भएको जनाएका छन् ।
मनकामना दर्शन गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकमाथि यस किसिमको क्रियाकलाप गर्नु गलत रहेको ठहर गर्दै अध्यक्ष मगरले बुधबार बृहत छलफल गरेर यस किसिमका बेथिति समाप्त गर्न पहल गर्ने बताए ।
उनले मधेशदृष्टिसँग कुराकानी गर्दै अध्यक्ष मगरले मनकामनामा होटल व्यवसायीले सोही होटलमा खाना खानुपर्ने बाध्यात्मक नियम बनाएकोसम्बन्धी आफूहरुलाई थाहा नभएको र यो नियम नभएर बेथिति रहेकोले यसलाई हटाउन बुधबार उद्योग वाणिज्य संघ, होटल व्यवसायीलगायतसँग छलफल गरेर समस्यालाई समाधान गरिने बताए ।
उनले आन्तरिक पर्यटक होस् या बाह्य दुवै अतिथि नै हुने भएकाले अतिथिलाई सत्कार गर्नुपर्नेमा अपमान गर्नु गलत रहेकाले गाउँपालिका गम्भीर रहेको बताए । होटेल मिड फूलबारीका सञ्चालकले गरेको क्रियाकलाप पर्यटकीय दृष्टिकोणले खराब मात्रै नभइ मानवताविरोधी क्रियाकलाप रहेकाले गम्भीर ध्यानाकर्षण भएको र पर्यटकमाथि दुर्व्यवहार गर्ने माथि कारबाही गरिने बताए । साथै उनले होटेल मिड फूलबारीका सञ्चालक हरि श्रेष्ठले गरेको क्रियाकलापप्रति आफू दुःखी रहेको बताउदै अबदेखि मनकामना आउने श्रद्धालुमाथि कुनै बेथितिका घटना नहुनेमा विश्वस्त रहन समेत अपिल गरे ।

# भिस्वा डाँडामा अतिथि गृह शिलान्यास

**मधेशदृष्टि**
**वीरगंज, ५ वैशाख ।**
वीरगंज महानगरपालिका-१५ मा रहेको बौद्ध धर्मावलम्बीको धार्मिक पर्यटकीयस्थल भिस्वा डाँडामा अतिथि गृह भवन निर्माणको मंगलबार शिलान्यास गरिएको छ ।
भिस्वालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न डिपिआरसमेत तयार गरेर अतिथि गृह भवनको शिलान्यास गरिएको हो ।
भवन निर्माणको मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत र मधेश विश्वविद्यालयका उपकुलपति प्राध्यापक डाक्टर दीपक शाक्यले संयुक्तरुपमा शिलान्यास गरे । भिस्वा डाँडालाई पर्यटकीय स्थलका रुपमा विकास गर्न पूर्वाधार संरचना निर्माणका लागि तयार पारिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार २२ करोड रुपैयाँ लाग्ने मधेश विश्वविद्यालयका उपकुलपति डा. शाक्यले बताए ।
भिस्वामा अतिथि गृह भवन प्रदेश सरकारले छुट्याएको एक करोड रुपैयाँ बजेटबाट निर्माण गरिने छ । अन्य पूर्वाधार संरचनाका लागि वीरगंज महानगरपालिकाले पनि बजेट छुट्याएको छ । भिस्वा डाँडाको पूर्वाधार संरचना निर्माणका लागि वीरगंज महानगरपालिकाले चालू आर्थिक वर्षमा एक करोड रुपैयाँ बजेट छुट्याएको प्रा. डा. शाक्यले बताए । भवन निर्माण स्थलको शिलान्यास कार्यक्रममा वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, वडा नम्बर १५ का वडाध्यक्ष रमेश यादव, बौद्ध सेवा समितिका पदाधिकारीलगायत स्थानीयको उपस्थिति थियो ।



# झण्डै करोडको बिलबिजक भेटिएन

**मधेशदृष्टि**
**वीरगंज, ५ वैशाख ।**
पर्सा प्रहरीले बिल बिजक भन्दा ९९ लाख ९८ हजार रुपैयाँ भन्दा बढीको खुद्रा, हार्डवेयर तथा लत्ताकपडा लोड रहेको २ वटा ट्रक वीरगंजको घण्टाघरबाट नियन्त्रणमा लिएको छ । बिल विजक भन्दा बढी विभिन्न किसिमका खुद्रा, हार्डवेयर तथा लत्ताकपडा बोकेको मालवाहक ट्रक धनुषा तथा सिन्धुली गइरहेको सूचनाको आधारमा प्रहरी कार्यालय पर्साबाट सोमबार राति खटिएको गस्ती टोलीले वीरगंजको घण्टाघरस्थित सडकखण्डबाट ना.३ ख ५३८४ र ना.३ ख ६०७५ नम्बरको मालबाहक ट्रकलाई रोकी जाँच गर्ने क्रममा बिल बिजक भन्दा बढी मालबस्तु लोड रहेको तथा बिल बिजकसमेत शंकास्पद देखिएपछि ९९ लाख ९८ हजार २ सय ८० रुपैयाँ बराबरको हार्डवेयर तथा लत्ताकपडासहित ट्रकलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी दिपक गिरीले जानकारी दिए ।



# अनलाइन ठगी मुद्दामा २१ रिहा



**मधेशदृष्टि**
**जनकपुरधाम, ५ वैशाख ।**
अनलाइन ठगी आरोपमा जनकपुरधामबाट पक्राउ परेकामध्ये २ जनाविरुद्ध मुद्दा चलाइएको छ भने २१ जनालाई तारेखमा रिहा गरिएको छ । प्रहरीले चैत २० गते जनकपुरधामस्थित पिडारी चोकबाट २३ जनालाई पक्राउ गरेको थियो ।
पक्राउ परेकामध्ये २ जनामाथी मुद्दा प्रकृया अगाडी बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी वेदप्रसाद गौतमले जानकारी दिए ।
डिएसपी गौतमका अनुसार पक्राउ परेकामध्येबाट सत्यानन्द राम र विजय सिंहलाई राष्ट्र बैंककसुर अन्तर्गतको मुद्दा चलाइएको हो । उनले भने, ‘पक्राउ परेका २ जना मुख्य दोषी देखिएका हुन्, तिनीहरुलाई मुद्दा चलाएर बाँकी २१ जनालाई तारिखमा छाडिएको छ ।’ जनकपुरधामको पिडारी चोकमै एउटा फ्ल्याट भाडामा लिएर अनलाइन ठगीको कारोबार गर्दै आइरहेको सूचनाको आधारमा १४ पुरुष र ९ महिलासहित २३ जनालाई इलेक्ट्रोनिक सामग्रीसहित प्रहरीले विशेष सूचनाका आधारमा पक्राउ गरेको थियो । प्रहरीले ३५ थान डेस्कटप कम्प्युटर, २० भन्दा बढी एन्ड्रोइड मोबाइललगायतका विद्युतीय उपकरणसमेत बरामद गरेको छ ।

## यसरी गरिन्थ्यो ठगी

विभिन्न एप बनाएर नग्न तस्बिर आदानप्रदान गरी ठगी भइरहेको थियो । ४ महिनादेखि दिलाजी आइटी कम्पनी काठमाडौँ-८ को नाममा जनकपुरधामबाट अवैधरुपमा यस्तो कारोबार सञ्चालन गरी उनीहरुले अनलाइन ठगीको कारोबार गरिरहेका थिए ।
भारतलगायतका देशका नागरिकलाई आफ्नो जालमा पार्न विभिन्न एपमार्फत पुरुष तथा महिलालाई हनिट्र्याप जस्ता विभिन्न प्रलोभन दिएर नग्न तस्बिर बनाई ब्लाकमेल, ऋण लिन प्रोत्साहनका नाममा हजारदेखि लाखौं रुपैयाँसम्म असुल्दै आएको पाइएको थियो । काठमाडौंमा यस्तो गिरोह पक्राउ पर्न थालेपछि उनीहरु जनकपुरधाम आएर सक्रिय भएको अनुसन्धानमा देखिएको प्रहरीको भनाइ छ ।
जनकपुरधाममा मुख्यरुपमा पर्साको पकहा मैनपुर-५ बस्ने सत्यानन्द राम र धनुषाको सबैला घर भई जनकपुरधाममा बस्दै आएकी सञ्जु साहले यस गिरोहलाई अवैधरुपमा सम्हाल्दै आएको प्रारम्भिक अनुसन्धानमा देखिएको डिएसपी गौतमले बताए । आधा दर्जन भन्दा बढी युवतीले सेवाग्राही खोज्ने र आफ्नो जालमा पार्न विभिन्न प्रलोभन दिने र पछि तस्बिर आदानप्रदानमार्फत नग्न फोटो भिडियो बनाएर ब्लाकमेल गर्दै रकम उठाउने कार्य जनकपुरधामबाट सञ्चालन हुँदै आएको थियो ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन